सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० मंसिर २०८०, आइतबार (26 Nov 2023, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

मैनबत्तीबाट सल्केको आगोले तीन बालबालिकासहित चारको मृत्यु



शुक्रबार राति करिब साढे १० बजेको समयमा बर्दियाको गुलरिया नगरपालिका- ४ तुलापुरस्थित भरत चन्दको घरमा आगलागी हुँदा डेढ वर्षीय कार्तिक चन्द, सात वर्षीय कृष चन्द, नौ वर्षीया मानषी बुढा र ३६ वर्षीया राधा बुढाको मृत्यु भएको हो। आगोले जलेर करिश्मा चन्द घाइते भएकी छिन्। उनको शरीरको २६ प्रतिशत भाग जलेको छ।

वीरमा आइपुग्यो ४५ सय एक्सरे फिल्म सिट

१५ दिनलाई अभाव टऱ्यो

बिहीबार ठेकेदार कम्पनीले चार हजार पाँच सय थान एक्सरे फिल्म ल्याएपछि करिब १५ दिनलाई अभाव टरेको हो।

(समाचार पृष्ठ ३)

तात्कालिक राजनीतिक कार्यनीति : अस्थायी संयुक्त सरकार



● मोहन वैद्य किरण

संघर्षको स्वरूप, नेतृत्वको भूमिका र गन्तव्यका दृष्टिले अस्थायी संयुक्त सरकार क्रियात्मक र संघीय जनगणतन्त्रको स्थापना प्रचारात्मक बन्ने स्पष्ट छ

(बहस पृष्ठ ५)

पौने चार खर्बको सेयर लगानीबाट सरकारलाई सवा २७ अर्ब लाभांश

सरकारको सेयर लगानी रहेका ११८ संस्थामध्ये १५ वटाले मात्रै लाभांश दिए



सरकारलाई सबैभन्दा धेरै नेपाल राष्ट्र बैंकबाट ११ अर्ब ७ करोड र सबैभन्दा कम साझा सेवाबाट ४ हजार दुई सय लाभांश प्राप्त

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ १२ वर्षमा साढे २८ हजार मेगावाट बिजुली निकाल्ने सरकारी लक्ष्य

पूर्वाधारसहित उत्पादनका लागि आवश्यक पर्छ ६२ खर्ब १७ अर्ब रुपैयाँ

लक्ष्यअनुसार विद्युत् उत्पादन गर्न सके-

- प्रत्येक वर्ष हजार मेगावाट विद्युत् उत्पादन गर्न व्यवस्थापक, इन्जिनियरदेखि सामान्य कामदार गरेर ३३ हजार ६६० (प्रतिवर्ष) लाई रोजागरी सिर्जना हुने
- सन् २०३५ सम्म लक्ष्यअनुसार विद्युत् उत्पादन भएमा आयोजनाबाट ८८ अर्ब राजस्व परिचालन हुने, विद्युत् बिक्रीबाट ६५ खर्ब रुपैयाँ आम्दानी हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

आगामी १२ वर्षमा साढे २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने सरकारको लक्ष्य छ। यसलाई पूरा गर्न ६२ खर्ब १७ अर्ब रुपैयाँ (४६ अर्ब ५० करोड डलरको शनिबारको दररेटअनुसार) लगानी आवश्यक पर्ने देखिएको छ। ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८० ले सन् २०३५ सम्ममा विद्युत्को जडित क्षमता २८ हजार ५०० मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ।


विद्युत् उत्पादन, प्रसारण र वितरणसम्बन्धी कामका लागि आवश्यक पर्ने यो रकम जुटाउन सातवटा स्रोत निकाय पनि पहिचान गरिएको छ। नेपाल सरकारबाट ६ अर्ब डलर, स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट १० अर्ब डलर, नेपाल विद्युत् प्राधिकरणबाट आठ अर्ब डलर र क्लाइमेट फाइनान्सिङबाट दुई अर्ब डलर अनुमानित लगानी जुटाउने योजना छ। त्यस्तै, वैदेशिक रोजगारमा गएका तथा गैरआवासीय नेपालीबाट १२

» पृष्ठ २ मा क्रमशः

■ केमा कति चाहिन्छ ?

उत्पादन : ५३ खर्ब ७ अर्ब रुपैयाँ

सरकारले आफ्नो लक्ष्य प्राप्ति गर्न उत्पादनतर्फ मात्रै ३९ अर्ब ७ करोड डलर (५३ खर्ब ७ अर्ब रुपैयाँ) नयाँ लगानी जुटाउनुपर्ने देखिन्छ। अहिले विद्युत्को जडित क्षमता २८ सय मेगावाट हाराहारी मात्रै छ। त्यसमा ५०० किलोवाटको फर्पिङ, ५३ मेगावाटको डिजेल प्लान्टजस्ता नचल्ने आयोजना पनि जोडिएका छन्। त्यसअनुसार अहिले जलविद्युत्को खुद जडित क्षमता २५-२६ मेगावाट मात्रै छ। यो अवस्थामा सरकारको लक्ष्य प्राप्ति गर्न २६ हजार मेगावाट हाराहारीमा नयाँ आयोजना बनाउनुपर्छ। ७.७ अर्ब डलरको ३७ सय मेगावाटका आयोजनाहरू (अरुण-३, पश्चिम सेतीलगायत) भारतीय कम्पनीले बनाउँदै छन्। बाँकी २२ हजार ३०० मेगावाटका आयोजनामा ४२.३ अर्ब डलर चाहिनेमा २.६ अर्ब डलर जुटिसकेको छ। एक मेगावाट आयोजना बनाउन २५ करोड ११ लाख रुपैयाँ लगानी चाहिने देखिन्छ। अहिले नेपालमा प्रतिमेगावाट लागत २० करोड छ। आगामी वर्षसम्मको हिसाब गर्दा पाँच करोड बढी लागत अनुमान गरिएको हो।



प्रसारण र सबस्टेसन : ७ खर्ब ४८ अर्ब रुपैयाँ

प्रसारण लाइन र सबस्टेसन निर्माणमा ५.६ अर्ब डलर (७ खर्ब ४८ अर्ब रुपैयाँ) लगानी चाहिने देखिएको छ। २८ हजार ५०० मेगावाट विद्युत्को प्रसारण तथा वितरण (साढे १३ हजार मेगावाट आन्तरिक खपत र १५ हजार मेगावाट निर्यात) गर्न ११ हजार ७०० सर्किट किमि प्रसारण लाइन र ३३ हजार एमभिए क्षमताको सबस्टेसन बनाउनुपर्ने देखिएको छ। त्यसका लागि ७.४ अर्ब डलर लगानी चाहिनेमा १.८ अर्ब डलर लगानी जुटिसकेको छ। त्यसअनुसार ५.६ अर्ब डलरबराबरको नयाँ लगानी जुटाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

वितरण : १ खर्ब ६० अर्ब रुपैयाँ

सरकारले वितरणतर्फको लक्ष्य प्राप्ति गर्न भने १.२ अर्ब डलर (१ खर्ब ६० अर्ब रुपैयाँ) लगानी आवश्यक देखिएको छ। सरकारले सन् २०३५ सम्म ३३/११ केभी क्षमताको सय सबस्टेसन बनाउने लक्ष्य लिएको छ। वितरण लाइनतर्फ ३३ केभी क्षमताको २ हजार किमि, ११ केभी क्षमताको २५ हजार किमि र ०.४/०.२३ केभी क्षमताको एक लाख किमि वितरण लाइन बनाउने लक्ष्य लिएको छ। साथै, ४७ हजार ट्रान्सफर्मर बनाउने लक्ष्य छ। त्यसका लागि १.५ अर्ब डलर लगानी चाहिनेमा हालसम्म ३० करोड डलर लगानी सुनिश्चित भइसकेको छ। बाँकी १.२ अर्ब डलर लगानी भने जुटाउनुपर्नेछ। यसमा औद्योगिकतर्फका उद्योग आफैंले निर्माण गर्ने सबस्टेसन तथा वितरण लाइन भने समावेश गरिएको छैन।

लगानी जुटाउने यस्तो छ योजना

(लगानी डलरमा)

- वैदेशिक रोजगारमा गएका तथा गैरआवासीय नेपाली : १२ अर्ब
- वैदेशिक लगानी, अनुदान तथा ऋण : ८ अर्ब ५० करोड
- बैंक तथा वित्तीय संस्था : १० अर्ब
- नेपाल विद्युत् प्राधिकरण : ८ अर्ब
- नेपाल सरकार : ६ अर्ब
- क्लाइमेट फाइनान्सिङ : २ अर्ब

स्रोत : ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८०

महत्त्वाकांक्षी लक्ष्य पूरा गर्न चुनौती छ, असम्भव छैन



● **अनुपकुमार उपाध्याय**, पूर्वऊर्जासचिव

सरकारले लिएको लक्ष्य महत्त्वाकांक्षी छ। लगानी जुटाउन सकेमा लक्ष्य प्राप्ति गर्ने नसकिने भन्ने पनि होइन। लगानी जुटाउन सकियो भने १२ वर्षमा विद्युत्को जडित क्षमता साढे २८ हजार मेगावाट पुऱ्याउन सकिन्छ। सुरुमा त झन्झटिलो सरकारी प्रक्रिया, जग्गा प्राप्ति तथा मुआब्जा वितरणसम्बन्धी प्रक्रियामा हुने समस्या, स्थानीय स्तरबाट हुने अवरोधलगायत समस्यालाई हटाउनुपर्छ। त्यस्तै, यतिका ठूलो (४६ अर्ब ५ करोड डलर) लगानी जुटाउन पनि चुनौती छ। स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट मात्रै त्यो सम्भव छैन। अहिले भारतीय बजारलाई नै लक्षित गरेर विद्युत् उत्पादनमा अग्रसर भएजस्तो देखिन्छ। भारतीय कम्पनीहरू नेपाली ऊर्जा क्षेत्रमा लगानी गर्न इच्छुक छन्। तसर्थ, पुँजी जुटाउने मामिलामा भारतीय लगानीमा बढी जोड दिनुपर्छ। साथै, अन्य देशको लगानीलाई पनि प्रोत्साहन गर्नुपर्छ।

सरकारले निजी क्षेत्रमैत्री नीति ल्याए सम्भव छ



● **गणेश कार्की**, अध्यक्ष, इप्पान

सरकारले सन् २०३५ सम्म विद्युत्को जडित क्षमता साढे २८ हजार मेगावाट पुऱ्याउने लक्ष्य पूरा गर्न खर्बौं लगानी आवश्यक छ। त्यो अवस्थामा सरकार एक्लै अघि बढ्यो भने केही पनि सम्भव हुँदैन। निजी क्षेत्रलाई नै जिम्मेवार बनाउँछ भने हामी काम गर्न सक्छौं र लक्ष्य प्राप्ति गरेरै छाड्छौं। त्यसका लागि सरकारले निजी क्षेत्रमैत्री नीति ल्याउनुपर्छ। साथै, निजी क्षेत्रले लगानी गर्ने, काम गर्ने वातावरण पनि हुनुपर्छ।

त्रिविअन्तर्गतका १६ क्याम्पसको सम्बन्धन खारेज

आर्थिक र विद्यार्थी संख्याको हिसाबमा धराशायी क्याम्पसलाई फेरि मर्ज गरिने

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेका १६ वटा क्याम्पसको सम्बन्धन खारेज भएको छ। ३२ क्याम्पसमध्ये गाभिएर १६ वटा भएपछि १६ क्याम्पसको सम्बन्धन त्रिविले स्वतः खारेज गरेको हो।

गएको जेठमा त्रिविले एक-अर्कामा समायोजन हुन चाहने क्याम्पसलाई निवेदन दिन असारसम्मको समयसीमा तोकेर सूचना जारी गरेको थियो। सोहीअनुसार परेका निवेदनका आधारमा क्याम्पसहरूलाई समायोजन गरेको त्रिवि योजना निर्देशनालयका निर्देशक ध्रुव गौतमले जानकारी दिए। 'विद्यार्थी संख्या कम हुने र आर्थिक अवस्था कमजोर हुने क्याम्पसहरू गाभिएका छन्, दुईवटा गाभिँदा एउटा क्याम्पस स्वतः खारेज हुन्छ। हाल ३२ वटा क्याम्पस गाभिएर १६ वटा बनेपछि १६ वटा क्याम्पस खारेज भए,' उनले भने।

निर्देशक गौतमले समायोजन भएपछि

» पृष्ठ २ मा क्रमशः



यसकारण भयो खारेजी



● **ध्रुव गौतम**, निर्देशक, त्रिवि योजना निर्देशनालय

शिक्षक जनशक्ति र विद्यार्थी अभाव भएका क्याम्पसलाई गाभ्नै पर्ने अवस्था थियो। त्यसैले विद्यार्थी संख्या कम भएका र आर्थिक अवस्था कमजोर रहेका क्याम्पसहरू गाभिएका छन्। दुईवटा गाभिँदा एउटा क्याम्पस स्वतः खारेज हुन्छ। हाल ३२ वटा क्याम्पस गाभिएर १६ वटा बनेपछि १६ वटा क्याम्पस खारेज भएका हुन्

एउटै मुद्दामा अदालतको फरक-फरक फैसला, विलखबन्दमा पीडित

टेकराज थामी/नयाँ पत्रिका

एउटै मुद्दामा अदालतले दुईवटा फरक-फरक फैसला गरेपछि कास्कीको पोखरा महानगरपालिका- २ का ५५ वर्षीय गोपालभूषण पराजुली विलखबन्दमा परेका छन्। पोखरा महानगरपालिका- १ निबुवाघारीस्थित कित्ता नं. ५११ को ३७ रोपनी १३ आना र टुँडिखेल बतासे लामापाटोस्थित कित्ता नं. ३३८ को २५ रोपनी १ आना १ पैसा जग्गाका कारण उनमा चिन्ता थपिएको हो।

जिल्ला अदालत कास्कीले ०४८ मा, पुनरावेदन अदालत पोखराले ०५० मा र सर्वोच्च अदालतले ९ असोज ०६२ मा उक्त जग्गा पराजुलीका बुबा मदनभूषणको एकलौटी रहेको ठहर गऱ्यो। यसको ठीकविपरीत जिल्ला अदालत कास्की, पुनरावेदन अदालत पोखरा र सर्वोच्च अदालतले क्रमशः १९ माघ ०७१, २६ असार ०७३ र २० वैशाख ०८० मा जग्गा मदनभूषणको नभई सार्वजनिक रहेको ठहर गऱ्यो। मुद्दा लड्दा-लड्दै मदनभूषणको मृत्यु भइसकेको छ। एउटै मुद्दामा आएको अदालतको



● **गोपालभूषण पराजुली**, जग्गाधनी

विवाद निरूपण गर्दै सर्वोच्चले फैसला गऱ्यो। त्यसमा पुनरावेदन नलाग्ने भन्दै सर्वोच्चले पुनः अर्को फैसला गऱ्यो। तर, सर्वोच्चको सोही फैसला जिल्लाले उल्ट्याइदियो। र, त्यसपछिका अदालतले त्यसैमा सही ठोकिदियो। यो गलत भयो। अदालतका पछिल्ला यी फैसला न्यायको सिद्धान्तविपरीत छ।

दुई विपरीत फैसलाले उनका छोरा गोपालभूषणमा बेचैनी बढेको छ।

'विषय जग्गा विवादको हो। विवाद जिल्ला हुँदै सर्वोच्च अदालतसम्म पुग्यो। एउटै विषयमा जिल्ला, पुनरावेदन र सर्वोच्चले एकथरी फैसला गऱ्यो। सोही विषयमा पुनः जिल्ला, पुनरावेदन र सर्वोच्चले अर्कोथरी फैसला गऱ्यो। यतिवेला मसँग अदालतको दुवै फैसला छन्। यीमध्ये कुन फैसलालाई आधिकारिक मानेर अघि बढ्ने हो टुंगोमा पुग्न सकेको छैन,' उनले भने।

गोपालभूषणका अनुसार सर्वोच्चका न्यायाधीश अनुपराज शर्मा, तपबहादुर मगर र ताहिर अली अन्सारीको संयुक्त इजलासले १३ साउन ०६५ मा मुद्दामा पुनरावेदन नलाग्ने गरी सर्वोच्चको ९ असोज ०६२ कै फैसलालाई सदर गरेको थियो। तर, पोखरा- १ का जसबहादुर गुरुङसहित १२ जनाको टोलीले १३ वैशाख ०६६ मा सर्वोच्चको फैसलाविरुद्ध जिल्ला अदालत कास्कीमा फिरादपत्र दर्ता गराए। फिरादपत्रमा जिल्ला अदालत कास्कीका न्यायाधीश रामप्रसाद वलीले १९ माघ ०७१ मा जग्गाको सम्बन्धमा सर्वोच्चले गरेको सबै फैसला उल्ट्याउँदै जग्गा निजी नभई सार्वजनिक रहेको ठहर गऱ्यो।

» पृष्ठ २ मा क्रमशः



२५ हजारभन्दा बढीले अवलोकन गरे अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनी

काठमाडौं/ भृकुटीमण्डपमा जारी 'दक्षिण एसिया अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनी-०२३' २५ हजारभन्दा बढीले अवलोकन गरेका छन् । नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ र करेन्ट मिडिया एन्ड रिसर्च सेन्टर प्रालिको संयुक्त आयोजनामा भएको प्रदर्शनीको उपभोक्ताले नेपालका नवप्रकाशन, विदेशी चर्चित तथा धार्मिक पुस्तक रुचिका साथ खरिद गरेका छन् ।



नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका केन्द्रीय सदस्य एवं प्रदर्शनी आयोजक समितिका संयोजक राजेन्द्र तिवारीले इतिहासमै पहिलोपटक व्यवस्थित र अन्तर्राष्ट्रियस्तरको पुस्तक प्रदर्शनी आयोजना गरिएको प्रतिक्रिया दिए । नेपालसहित विश्वका १५ देशका प्रकाशक, उत्पादक र व्यवसायीको सहभागिता रहेको प्रदर्शनीमा हरेक दिन पाँच हजारभन्दा बढीले प्रदर्शनीको अवलोकन गरेको उनले जानकारी दिए ।

पूर्वाधारसहित...

पृष्ठ १ बाट क्रमशः

अर्ब डलर र वैदेशिक लगानी, अनुदान तथा ऋणमार्फत आठ अर्ब ५० करोड डलर व्यवस्थापन गर्ने योजना छ । नेपाल विद्युत् प्राधिकरणले गर्ने लगानी सुनिश्चित गरिएको छ भने बाँकी ३८ अर्ब पाँच करोड डलर लगानी जुटाउन आवश्यक पहल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । प्राधिकरणले आफ्नो आम्दानी तथा नाफाबाट उक्त रकम लगानी गर्नेछ ।

यो लगानी विद्युत्को जडित क्षमता २८ हजार ५०० मेगावाट पुऱ्याउन, त्यसका लागि आवश्यक ११ हजार ७०० किमि प्रसारण लाइन बनाउन र ३३ हजार एमभिए क्षमताको सबस्टेसनलगायत पूर्वाधारमा निर्माणमा खर्च हुनेछ । अनुमानित कुल रकम नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) आकारभन्दा पनि ठूलो हो । चालू मूल्यअनुसार गत आर्थिक वर्ष ०७९/८० सम्ममा नेपालको जिडिपीको आकार ५३ खर्ब ८१ अर्ब ३४ करोड हुने अनुमान राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ ।

पूर्वऊर्जासचिव अनुपकुमार उपाध्याय सरकारको महत्त्वाकांक्षी लक्ष्य पूरा गर्न चुनौती भए पनि असम्भव नभएको बताउँछन् । 'लगानी जुटाउन सकियो भने १२ वर्षमा विद्युत्को जडित क्षमता साढे २८ हजार मेगावाट पुऱ्याउन सकिन्छ । सुरुमा त झन्झटिलो सरकारी प्रक्रिया, जग्गा प्राप्ति तथा मुआब्जा वितरणसम्बन्धी प्रक्रियामा हुने समस्या, स्थानीय स्तरबाट हुने अवरोधलगायत समस्यालाई हटाउनुपर्छ । त्यस्तै, यतिका ठूलो (४६ अर्ब ५ करोड डलर) लगानी जुटाउन पनि चुनौती छ,' उनले भने, 'स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट मात्रै त्यो सम्भव छैन । अहिले भारतीय बजारलाई नै लक्षित गरेर विद्युत् उत्पादनमा अग्रसर भएजस्तो देखिन्छ । भारतीय कम्पनीहरू नेपाली ऊर्जा क्षेत्रमा लगानी गर्न इच्छुक छन् । तसर्थ, पुँजी जुटाउने मामिलामा भारतीय लगानीमा बढी जोड दिनुपर्छ । साथै, अन्य देशको लगानीलाई पनि प्रोत्साहन गर्नुपर्छ ।'

त्यस्तै, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्की निजी क्षेत्रसँगको सहकार्यविना लगानी जुट्न तथा सरकारी लक्ष्य प्राप्ति गर्न सम्भव नहुने बताउँछन् । 'सरकारले सन् २०३५ सम्म विद्युत्को जडित क्षमता साढे २८ हजार मेगावाट पुऱ्याउने लक्ष्य पूरा गर्न खर्बौं लगानी आवश्यक छ । त्यो अवस्थामा सरकार एक्लै अघि बढ्यो भने केही पनि सम्भव हुँदैन,' उनले भने, 'निजी क्षेत्रलाई नै जिम्मेवार बनाउँछ भने हामी काम गर्न सक्छौं र लक्ष्य प्राप्ति गरेरै छाड्छौं । त्यसका लागि सरकारले निजी क्षेत्रमैत्री नीति ल्याउनुपर्छ । साथै, निजी क्षेत्रले लगानी गर्ने, काम गर्ने वातावरण पनि हुनुपर्छ ।'

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देव संयोजकत्वको समितिले तयार गरेको 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८०' सम्बन्धी प्रतिवेदन गत भदौमै तत्कालीन ऊर्जामन्त्री शक्ति बस्नेतलाई बुझाइसकेको छ । उक्त प्रतिवेदन मन्त्रिपरिषद्‌बाट स्वीकृत भएपछि कार्यान्वयनमा आउनेछ । त्यसपछि सरकारले औपचारिक रूपमा यसको घोषणा पनि गर्नेछ । यो प्रतिवेदन कार्यान्वयनको तालिका सहित स्वीकृतको लागि मन्त्रीपरिषद् मा पेश भइसकेको छ । मन्त्रीपरिषद्ले स्वीकृत गरेपछि यो कार्यान्वयनमा जानेछ ।

के छ लगानी जुटाउने योजना ?

सरकारी समितिले प्रतिवेदनमार्फत उक्त लगानी जुटाउने योजना पनि प्रस्ताव गरेको छ । सरकार, निजी क्षेत्र, सर्वसाधारण, वैदेशिक लगानी, गैरआवासीय नेपाली र वैदेशिक रोजगारमा कार्यरत नेपालीमार्फत उक्त लगानी जुटाउने प्रस्ताव प्रतिवेदनमा छ ।

सरकारले २०३५ सम्म ऊर्जा क्षेत्रमा आन्तरिक स्रोतबाट १८ अर्ब डलर स्रोत व्यवस्थापन हुने अनुमान गरेको छ । तर, यसलाई लक्ष्यभित्र राखिएको छैन । सरकारले यस १२ वर्षमा वार्षिक ५० करोड डलरको दरमा ६ अर्ब डलर लगानी गर्ने योजना बनाएको छ । क्लाइमेट फाइनान्सिङबाट भने २ अर्ब डलर लगानी जुटाउने लक्ष्य लिइएको छ ।

यसैगरी गैरआवासीय र वैदेशिक रोजगारमा गएका नेपालीबाट १२ अर्ब डलर लगानी जुटाउने योजना पेस गरिएको छ । त्यसका लागि हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसिएल), नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) लगायत निकायमार्फत पावर बन्ड तथा डिभेन्चरलगायत वित्तीय उपकरण जारी गरी वार्षिक एक अर्ब अमेरिकी डलर दरमा लगानी जुटाउने योजना प्रतिवेदनमा छ । यसैगरी वैदेशिक लगानी, अनुदान तथा ऋणबाट ८.५ अर्ब डलर, नेपाल विद्युत् प्राधिकरणबाट आठ अर्ब डलर लगानी जुटाउने योजना छ । यसैगरी स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट १० अर्ब डलर लगानी जुटाउने योजना पनि प्रतिवेदनमा उल्लेख छ ।

लक्ष्यअनुसार विद्युत् उत्पादन गर्न सके के-के हुन्छ लाभ ?

लक्ष्यअनुसार विद्युत् उत्पादन, प्रसारण तथा वितरण लाइन बनेमा थुप्रै आर्थिक तथा सामाजिक लाभ हुने देखिएको छ । जलस्रोतको अधिकतम उपयोग भई गुणस्तरीय र भरपर्दो विद्युत्मा नेपाल आत्मनिर्भर हुनेछ । साथै, आन्तरिक विद्युत् मागको आपूर्तिका लागि विद्युत् आयात गर्न नपर्ने अवस्था आउँछ । अन्तरिक खपत पूर्ति भएपछि बाँकी हुने विद्युत् निर्यातसमेत गर्न सकिने र त्यसले व्यापार घाटा पनि कम हुने प्रतिवेदनमा उल्लेख छ ।

आयोजना निर्माणका क्रममा रोजगारीका अवसरमा वृद्धि भई अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने बताइएको छ । प्रत्येक वर्ष हजार मेगावाट विद्युत् उत्पादन गर्न व्यवस्थापक, इन्जिनियरदेखि सामान्य कामदार गरेर ३३ हजार ६६० (प्रतिवर्ष) लाई रोजागरी सिर्जना हुने अनुमान छ । साथै, सन् २०३५ सम्म लक्ष्यअनुसार विद्युत् उत्पादन भएमा आयोजनाबाट ८८ अर्ब राजस्व परिचालन हुने देखिन्छ । साथै, विद्युत् बिक्रीबाट ६५ खर्ब रुपैयाँ आम्दानी हुने देखिन्छ । त्यसमा प्रवर्द्धकले ३९ खर्ब र प्राधिकरणले २६ खर्ब आम्दानी गर्ने प्रतिवेदनमा उल्लेख छ ।

त्रिविअन्तर्गतका...

पृष्ठ १ बाट क्रमशः

उनीहरूको व्यवस्थापन पनि सहज भएको तथा विद्यार्थी संख्या बढेको बताए । यसअघि विश्वविद्यालय अनुदान आयोगले मर्ज गर्नेबारे अध्ययन पनि थियो । ०७९ मंसिरमा गरिएको अध्ययनअनुसार देशभर सयभन्दा कम विद्यार्थी भर्ना रहेका क्याम्पसको संख्या धेरै पाइएको थियो । अध्ययनमा दुई सय १८ सामुदायिक, तीन सय निजी र २१ आंगिक क्याम्पस गरी पाँच सय ३९ क्याम्पसमा विद्यार्थी संख्या सयजनाभन्दा कम देखिएको थियो । ती क्याम्पसले विद्यालय खर्च व्यवस्थापनसमेत गर्न नसकेको अध्ययनले देखाएको थियो ।

सरकारी तथ्यांकअनुसार हाल देशभरिका विभिन्न क्याम्पसमा कुल चार लाख ६२ हजार विद्यार्थी उच्च शिक्षा हासिलका क्रममा छन् । तर, विदेश जाने विद्यार्थीको संख्या बढेसँगै क्याम्पसहरूमा विद्यार्थी घटेपछि त्रिविले मर्जर प्रक्रिया अघि बढाएको थियो । त्रिभुवन विश्वविद्यालय अनुदान आयोगमा ३२ क्याम्पसले मर्जरका लागि निवेदन दिएका थिए । उनीहरूको विधि-प्रक्रिया मिलेकाले मर्ज गरिएको हो ।

मर्जरको समय थप्ने तयारी

अझै पनि धेरै क्याम्पस आर्थिक र विद्यार्थी संख्याको हिसाबमा धराशयी रहेकाले त्रिविले मर्ज हुन चाहने क्याम्पसलाई पुनः थप समय दिएर गाभ्ने योजना पनि अघि सारेको छ । यसअघि गाभिनका लागि असार मसान्तसम्म निवेदन र विवरण पेस गर्न २९ जेठमा सूचना जारी गरेको थियो । त्यसपछि मर्जर प्रक्रियामा सरिक हुन कलेजले विवरण पठाउन थालेका थिए । शिक्षक जनशक्ति र विद्यार्थी अभाव भएका क्याम्पसलाई गाभिन त्रिविले आह्वान गरेपछि धेरैले इच्छा देखाएको योजना निर्देशनालयका निर्देशक गौतमले जानकारी दिए । उनका अनुसार असार अन्तिमसम्म निवेदन दिएका कलेज तथा क्याम्पसलाई प्रक्रिया पुऱ्याएर एकीकरण गरिएको छ । 'गाभिन आउने क्याम्सपहरूलाई हामीले विधि-प्रक्रिया पुऱ्याएर गाभेका छौं,' उनले भने, 'गाभ्दा ती क्याम्पसलाई पनि सहज भएको छ ।'

विद्यार्थी संख्या न्यून भएपछि एकीकरण

शिक्षा मन्त्रालयका अनुसार देशभरका कुल एक हजार चार सय ४० मध्ये झन्डै ६५ प्रतिशत कलेजमा विद्यार्थीको संख्या न्यून छ । यसमध्ये पनि सामुदायिक कलेजमा विद्यार्थीको खडेरी नै हुन थालेको छ । त्रिविका अनुसार दुई सय १८ वटा सामुदायिक कलेजमा विद्यार्थी संख्या कम छ । यी क्याम्पसहरूलाई गाभ्नुपर्ने अवस्था देखिएको छ ।

हाल देशभर रहेका पाँच सय ३७ सामुदायिक क्याम्पस छन् । यीमध्ये धेरै क्याम्पसमा विद्यार्थी संख्या न्यून भएपछि क्याम्पसहरूको शैक्षिक कार्यक्रमसमेत प्रभावकारी हुन सकेको छैन । सामुदायिक क्याम्पसका विद्यार्थीको संख्या यकिन गर्न, अनुदान छुट्याउन र गाभ्न अनुदान आयोगले अध्ययन पनि गरेको थियो । जसअनुसार ग्रामीण तथा पहाडी जिल्लाका केही सामुदायिक क्याम्पसमा विद्यार्थी संख्या न्यून देखिएको थियो । सरकारले गैरनाफामूलक सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुधारका लागि भन्दै हरेक वर्ष सात लाख रुपैयाँ अनुदानसमेत दिँदै आएको छ । तैपनि केही सामुदायिक क्याम्पसमा विद्यार्थी संख्या कम हुँदै गएको छ । जसको विकल्प मर्जर नै देखिएकाले केहीलाई मर्ज गरिएको हो ।

केयूमा कोटाभन्दा कम विद्यार्थी

तथ्यांकअनुसार काठमाडौं विश्वविद्यालय (केयू)मा यस वर्ष स्नातक तहमा सोसल वर्क विषयमा भर्ना हुने विद्यार्थी संख्या जम्मा तीनजना छन् । उक्त विषयका लगि २४ सिट कोटा छुट्याइएको निकै कम संख्यामा विद्यार्थी भर्ना हुन आएपछि पठनपाठनमै समस्या भएको छ । २१ वटा सिट खाली रहे पनि विषयलाई टिकाउन कक्षा सञ्चालन भइरहेको केयूले जनाएको छ । केयूमै स्नातक तहमा बुद्धिस्ट विषयमा ३० कोटा रहेकोमा चारजना विद्यार्थी मात्रै भर्ना हुन आए, अन्य २६ सिट खाली छन् । तसर्थ केयूअन्तर्गतका क्याम्पसहरूलाई पनि गाभ्न आवश्यक रहेको विज्ञहरूले बताउँदै आएका छन् ।

यसरी गरिएको थियो समायोजन र खारेज

त्रिवि प्रशासनले यसअघि गत जेठमा समायोजन हुन इच्छुक क्याम्पसलाई निवेदन पेस गर्न त्रिविको आग्रह गरेको थियो । सम्बन्धनप्राप्त दुई वा दुईभन्दा बढी क्याम्पस पूर्ण रूपले एक-आपसमा गाभिई समायोजन हुन चाहेमा यही असार मसान्तसम्म योजना निर्देशनालयमा निवेदन पेस गर्न आग्रह गरिएको थियो । दुवै क्याम्पसको बेग्लाबेग्लै निवेदन दिने, मर्ज गर्नुपर्ने औचित्य र समाहित हुने क्याम्पस खारेज गर्ने समितिको निर्णय, सम्बन्धन पत्र, नवीकरण पत्र र अक्षय कोषको रसिदको प्रतिलिपिका आधारमा समायोजन गरी केही क्याम्पसलाई खारेज गरिएको हो ।

एउटै मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

जिल्ला अदालतको आदेशविरुद्ध जग्गाधनी गोपालभूषण पुनरावेदन अदालत पोखरा पुगे । तर, पुनरावेदनले पनि जिल्लाकै आदेश सदर गर्दै जग्गा सार्वजनिक नै रहेको ठहर गऱ्यो । गोपालभूषण पुनरावेदनको आदेशविरुद्ध पुनः सर्वोच्च अदालत पुगे । तर, सर्वोच्चले पनि जिल्ला र पुनरावेदनकै फैसला सदर गर्दै जग्गा निजी नभई सार्वजनिक नै रहेको ठहर गऱ्यो । सर्वोच्चले मुद्दाको सम्बन्धमा पूर्ण पाठ जारी गरिसकेको छैन ।

मुद्दामा पुनरावेदनसमेत नलाग्ने भन्दै सर्वोच्चले गरेको अघिल्लो फैसला उल्ट्याउने गरी भएका त्यसपछिका फैसला न्यायको सिद्धान्तविपरीत रहेको भन्दै गोपालभूषण यतिवेला बेचैन छन् । 'विवादको निरुपण गर्दै सर्वोच्चले फैसला गऱ्यो । त्यसमा पुनरावेदन नलाग्ने भन्दै सर्वोच्चले पुनः अर्को फैसला गऱ्यो । तर, सर्वोच्चको सोही फैसला जिल्लाले उल्ट्याइदियो । र, त्यसपछिको अदालतले त्यसैमा सही ठोकिदियो । यो गलत भयो । अदालतका पछिल्ला यी फैसला न्यायको सिद्धान्तविपरीत छ,' उनले भने ।

यसरी सुरु भएको थियो विवाद

गोपालभूषणका जिजुहजुरबुबा रत्नाखर त्यसवेलाका प्रकाण्ड पण्डित थिए । उनलाई कास्कीका तत्कालीन राजा राजेन्द्रविक्रम शाहले वि.सं. १८७७ मा लालमोहर लगाएर सराङकोट अम्मलस्थित भीमढुंगाको बगर पूर्व साँध, सेती गण्डकीको ढिकेदेखि कन्डिल्योटया दक्षिण साँध, बलभद्र पराजुलीको मोरियाकट्टी पश्चिम साँध र सुडका डिल उत्तर साँधभित्रको जग्गा बिर्ता दिएका थिए । ००२ मा उक्त जग्गाको घरदर मुचुल्का भयो । जग्गा निजी भएको प्रमाणितपछि गोपालभूषणका बुवा मदनभूषणले उक्त जग्गा १२ पुस ०११ मा साइनिङ अस्पताललाई भाडामा दिए । विवादित कित्ता नं. ५९१ को ३७ रोपनी १४ आना र कित्ता नं. ३३८ को २५ रोपनी १ आना १ पैसा जग्गा सोहीमध्येको हो ।

०१६ मा बिर्ता उन्मूलन ऐन कार्यान्वयनमा आयो । सोही क्रममा तत्कालीन अञ्चलाधीशले बिर्तावाला सबै जग्गा सार्वजनिक हुने आदेश गरे । ०१७ मा मदनभूषणले बिर्ता जग्गा नम्बरी रहेको भन्दै मालपोत कार्यालय कस्कीमा निवेदन दिए । मालपोतले जग्गा उनको नाममा दर्ता गरिदियो । १२ मंसिर ०१९ मा तत्कालीन अञ्चलाधीशले उक्त जग्गा पुनः सार्वजनिक भएको आदेश गरे । र, भाडाबापतको रकम उनलाई नबुझाउन साइनिङ अस्पताललाई आदेश गऱ्यो । अञ्चलाधीशको आदेश बदर गरिपाऊँ भन्दै उनी अदालत पुगे । तत्कालीन सर्वोच्च अदालतको डिभिजन बेन्चले 'मालपोतको नम्बरी दर्ता र बन्डापत्रका आधारमा सो जग्गा मदनभूषणकै रहेको' उल्लेख गर्दै यसै आधारमा टुंगो लगाउन तल्लो अदालतलाई निर्देशन गऱ्यो । ०३३ मा पश्चिमाञ्चल क्षेत्रीय अदालतले अञ्चलाधीशको आदेश बदर गर्दै जग्गा मदनभूषणकै रहेको फैसला गऱ्यो ।

विवाद यतिमै सीमित रहेन । झगडियाले जग्गाको विषयलाई लिएर मुद्दा हाल्ने क्रम जारी राखे । जिल्ला, पुनरावेदन हुँदै सर्वोच्चले उक्त जग्गा मदनभूषणकै रहेको फैसला गऱ्यो । तर, पछि पुनः जिल्ला, पुनरावेदन र सर्वोच्चले अघिल्लो सबै फैसला उल्ट्याएर जग्गा सार्वजनिक नै रहेको फैसला गरेको छ । 'जग्गा प्राप्तिको लडाइँ लड्दा-लड्दै बुबाको जीवन बित्यो । अब त पार होला कि भन्ने लागेको थियो । फैसला फेरि पनि न्यायसम्मत भएन । कानुनी लडाइँको बाटो खुला छ । म थाकेको छैन । मेरो संवैधानिक हक हनन भएको छ । यसका लागि म जीवनभर लड्नेछु,' गोपालभूषणले भने ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०८/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
पाँचौ पटक प्रकाशित मिति : २०८०/०३/०२ गतेको नागरिक राष्ट्रिय दैनिक
चौथो पटक प्रकाशित मिति : २०७९/०९/२२ गतेको राजधानी राष्ट्रिय दैनिक
तेस्रो पटक प्रकाशित मिति : २०७९/०७/१६ गतेको नागरिक राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०७९/०४/३१ गतेको नागरिक राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०७९/०३/२१ गतेको नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०१/१५ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो बमोजिम समेतको बेवास्ता गरेकाले मिति २०७९/०३/२१, २०७९/०४/३१, २०७९/०७/१६, २०८०/०३/०२ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०७९/०९/२२ मा राजधानी राष्ट्रिय दैनिकमा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको मिति भित्र प्राप्त बोलपत्रहरुबाट सम्पूर्ण धितो सुरक्षण बिक्री नभएको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन पुनः आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्वद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

सिरहा जिल्ला, रामनगर मिचैया न.पा. वडा नं. २ स्थित रजिष्ट्रार कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०६८/०९/०८ मा प्रा.फ.र.नं. २१५९ (स्थानिय) तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, लाहानमा मिती २०६८/०८/०८ मा स्थायी लेखा नं. (PAN) ३०५११७८७६ अन्तर्गत दर्ता कायम भएको **भरोसा शु स्टोर्स** ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. मेहदी हसन मियाको नाती, मो.जाहिद हुसेनको छोरा, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **मो. अली रेजा** (ना.प्र.नं. ०२३१३४७७, जारी मिति २०६१/११/२१, जारी जि.प्र.का. सिरहा) ।	२. नेबी मियाको नाति, मेहदी हसन मियाको छोरा, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **मो. जाहिद हुसेन** (ना.प्र.नं. ०२६१३१७७, जारी मिति २०५८/१०/२८, जि.प्र.का. सिरहा) ।
३. मेहदी हसन मियाको नाति, मो. जाहिद हुसेनको छोरा, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **मो. रेजा हुसैन** (ना.प्र.नं. १५१०७२/२१६६१, जारी मिति २०६९/०३/०४, जि.प्र.का. सिरहा) ।	४. मो. जाहिद हुसेनको बुहारी, मो. अली रेजाको पत्नी, सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **सफिया जवी** (ना.प्र.नं. १५-०१-७५-०२६४१, जारी मिति २०७५/०२/३१, जि.प्र.का. सिरहा) ।

५. मो. मेहदी हसेन मियाको बुहारी, मो. जाहिद हुसेनको पत्नी, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **शाह जहाँ खातुन** (ना.प्र.नं. ३२४९, जारी मिति २०६२/०३/१६, जि.प्र.का. सिरहा) ।

धितोको विवरण

१. मो. मेहदी हसेन मियाको बुहारी, मो. जाहिद हुसेनको पत्नी, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने शाह जहाँ खातुन (ना.प्र.नं. ३२४९, जारी मिति २०६२/०३/१६, जि.प्र.का. सिरहा) को नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, फुलबरीया गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ३३७० को क्षेत्रफल ०-०-४ (बि-क-धु) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. मो. मेहदी हसेन मियाको बुहारी, मो. जाहिद हुसेनको पत्नी, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने शाह जहाँ खातुन (ना.प्र.नं. ३२४९, जारी मिति २०६२/०३/१६, जि.प्र.का. सिरहा) को नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ७ घ स्थित कि.नं. ४६०६ को क्षेत्रफल ०-१-१० (बि-क-धु) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. नेबी मियाको नाति, मेहदी हसन मियाको छोरा, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने मो. जाहिद हुसेन (ना.प्र.नं. ०२६१३१७७, जारी मिति २०५८/१०/२८, जि.प्र.का. सिरहा) को नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. २ स्थित कि.नं. ५७० र ५७१ को क्षेत्रफल क्रमशः ०-०-४.७५ र ०-०-४.७५ (बि-क-धु) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०८/२४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय, मिर्चैया, सिराहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०८/२५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

MANTHALI MUNCIPALITY

MANTHALI HOSPITAL

Manthali, Ramechhap
Bagmati, Nepal

Invitation of electronic bids

First Date of Publication-2080/08/10 B.S. (26/11/2023)

IFB-MH/RCH/GOODS/NCB/ 01/080/081

1. Manthali Hospital, Manthali-1 Ramechhap invites electronic bids for National Competitive Bidding from the registered eligible national bidder's in accordance to Public Procurement Act, 2063 of section 40(3) and Public Procurement Rule, 2064 of rule 84 for the Procurement of **Surgical instruments and Lab Reagents** under National Competitive Bidding. Some of the qualification criteria are mentioned below.

S. N	Contract ID No.	Description of Works	Total Estimated Amount (NRs.) with VAT	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)	Bid validity and bid security validity	Last date/ time of bid submission	Last date of bid opening
1	*MH/RCH/GOODS/NCB/01/080/081*	Procurement of Surgical instruments and Lab Reagents	5687673.87	142200	1000.00	90/120 Days	At 12:00 PM on 2080/09/10	At 2:00 PM on 2080/09/10

For fee deposition of purchasing bid documents

Name of Bank : Rastriya Banijya Bank, Manthali Branch, Ramechhap.
Account Name : Manthali Aspatal
Account No. : 1680100006092001

2. Eligible bidders may obtain further information and inspect the office of the Manthali Hospital ,Ramechhap for the bidding documents or any other concern at 048-540579 and Email-hospitalmanthali78@gmail.com, and may visit EGP section of Public Procurement Monitoring Office (PPMO) website (www.bolpatra.gov.n/egp)
3. In case of discrepancies or errors in bid documents, bid notice or any others documents, Manthali Hospital reserve the right to amend, cancel and correct at any time.

Medical Superintendent

लालुपाते सहकारी घोटाला प्रकरण

बचत फिर्ता माग्दै २६५ जनाले दिए प्रहरीमा उजुरी

खोटाङमा **केदार लाफा**

लालुपाते बहुउद्देश्यीय सहकारी संस्थाबाट आफ्नो बचत फिर्ता गराइदिन माग गर्दै २६५ बचतकर्ताले जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी दिएका छन् । सहकारीको बचत अपचलन भएको विषयमा सञ्चालक समितिका पदाधिकारीसहित नौजनालाई पक्राउ गरेर कारबाही सुरु गरेको प्रहरीले उजुरी दिन आह्वान गरेपछि २६५ बचतकर्ताले चार करोड ४१ लाख दुई हजार ७७० रुपैयाँ बचत फिर्ता गराइदिन माग गर्दै उजुरी दिएका हुन् ।

८ मंसिरसम्म २६५ बचतकर्ताले मागदाबी पेस गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक बेनु कार्कीले जानकारी दिए । बचत फिर्ताका लागि निवेदन दिन छुटेका बचतकर्ताले पछि पनि उजुरी दिन सक्ने प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बचतकर्ताले आठ सयदेखि ५५ लाखसम्म आफ्नो बचत फिर्ताका लागि माग दाबी पेस गरेका छन् । बचतकर्ताले दिएको मागदाबीसहितको मिसिल (कागजात)लाई प्रहरीले केही दिनभित्रै सरकारी वकिलको कार्यालयमा पेस गर्ने तयारी गरिएको प्रहरीले जनाएको छ । बचतकर्ताको मागदाबीसहितको मिसिल सरकारी वकिलको कार्यालय पुगेपछि सरकारी वकिलकै कार्यालयमार्फत जिल्ला अदालतमा अभियोगपत्र पेस हुनेछ ।

१० मंसिर ०७२ देखि दिक्तेल बजारमा कारोबार सुरु गरेको सहकारीको बचत अपचलन भएको विषय भने अध्यक्ष अनिल जोशीको निधनपछि मात्र खुलेको हो । तत्कालीन अध्यक्ष जोशीको कोभिड संक्रमणका कारण १५ वैशाख ०७८ मा पोखरामा निधन भएको थियो । जोशीको निधनपछि निक्षेपकर्ताहरू निक्षेप रकम फिर्ता माग्न आउँदा सञ्चालक समितिका पदाधिकारीले सहकारीको कारोबार हेर्नेक्रममा मौज्दात रकम नै नदेखिएपछि बचत अपचलन भएको विषय बाहिरिएको हो ।

जिल्लाका चार हजार ५०० बचतकर्ताको लगानी डुबेको विषयमा छानबिन गर्न भन्दै प्रहरीले सहकारी सञ्चालक समितिका उपाध्यक्ष अर्जुन चौलागाईं, सचिव मनोज राई, कोषाध्यक्ष रमा शाक्य, लेखा समिति संयोजक प्रितम श्रेष्ठ र लेखापाल सुमना राईलाई १२ कात्तिकमा पक्राउ गरेको थियो । यस्तै, सहकारीका अध्यक्ष जोशीका भाइ सुनील जोशी र उनकी श्रीमती रविना जोशीलाई गत १३ असोजमा काठमाडौंबाट पक्राउ गरेको थियो ।

मैनबत्तीबाट सल्केको आगोले तीन बालबालिकासहित चारको मृत्यु

बर्दियामा **यज्ञप्रसाद सापकोटा**

बर्दियामा मैनबत्तीबाट सल्केको आगोबाट आगलागी हुँदा तीन बालबालिकासहित चारजनाको मृत्यु भएको छ । एकजना घाइते भएका छन् । शुक्रबार राति करिब साढे १० बजेको समयमा बर्दियाको गुलरिया नगरपालिका-४ तुलापुरस्थित भरत चन्दको घरमा आगलागी हुँदा डेढ वर्षीय कार्तिक चन्द, सात वर्षीय कृष चन्द, नौ वर्षीया मानसी बुढा र ३६ वर्षीया राधा बुढाको मृत्यु भएको हो । राधा र मानसी आमाछोरी हुन् । आगोले जलेर करिश्मा चन्द घाइते भएकी छिन् । उनको बर्दिया अस्पतालमा उपचार भइरहेको छ । बर्दिया अस्पतालका जनरल सर्जन डा. विजय उपाध्यायका अनुसार घाइतेको शरीरको २६ प्रतिशत भाग जलेको छ ।

आगलागीमा परी मृत्यु भएका चारैजनाको शव जलेको अवस्थामा फेला परेको थियो । राधा बुढा छोरी लिएर माइत गएकी थिइन् । इँटा र टायलबाट बनेको घरको एक कोठा पूर्ण रूपमा नष्ट भएको छ । कोठाभित्र रहेका सम्पूर्ण सामान जलेर पूरै नष्ट भएका छन् । घरधनी भरत चन्द (घाइते करिश्माका श्रीमान्) भने कामविशेषले बाँकेको कोहलपुर गएका थिए ।

तीन दिनदेखि विद्युत् लाइन बिग्रिएकाले मैनबत्तीबाट आगो सल्किएको घाइते करिश्माले बताइन् । फ्रिजमाथि मैनबत्ती बालेर सुतेको र सँगै रहेका अन्य मैनबत्ती हुँदै कपडामा सल्किएर आगो लागेको हुन सक्ने घाइतेलाई उद्धृत गर्दै



बर्दियाको गुलरिया नगरपालिका- ४ तुलापुरस्थित भरत चन्दको घर ।

प्रहरीले जनाएको छ । आगलागी हुँदासम्म घरमा सबै सुतिसकेको हुनाले चारजनाको मृत्यु भएको हुन सक्ने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक तुल्सीराम अर्यालले बताए । घटनाको थप अनुसन्धान भइरहेको उनको भनाइ छ । बर्दियामा हरेक वर्ष आगलागीका घटना हुने गरेका छन् । विपत् व्यवस्थापन समिति बर्दियाको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०७९-८० मा ४४ घरपरिवार आगलागीको घटनामा परेका थिए । जसबाट ठूलो धनमालको नोक्सानी र तीनजना घाइते भएका थिए । अघिल्लो आव ०७८-७९ मा ३६ घरमा आगालागी हुँदा २२ जनाको मृत्यु भएको थियो । ७९ जना घाइते भएका थिए । आव ०७७-७८ मा एक सय ६२ घरमा आगालागी हुँदा तीनजनाको मृत्यु र आठजना घाइते भएका थिए ।



स्कुल बस दुर्घटना हुँदा तीनको मृत्यु, ३९ घाइते

उदयपुर/ स्कुल बस दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ । त्रियुगा नगरपालिका- ५ देउरीमा रहेको अन्नपूर्ण सेकेन्डरी स्कुलका विद्यार्थीलाई पिकनिक लगेर फर्कँदै गरेको प्र.१०५००१ ख ००४४ नम्बरको बस मदन भण्डारी लोकमार्गमा पर्ने उदयपुरगढी गाउँपालिका- ७ अँधेरीको जोगीटोलमा शनिबार दुर्घटनामा परेको थियो ।

मृत्यु हुनेमा त्रियुगा नगरपालिका- ६ की वर्ष ७ की सोमिया चौधरी, वर्ष ११ का विकास चौधरी र चालक ४० वर्षीय भिखन चौधरी रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक हरिनन्द चौधरीले जानकारी दिए ।

घाइते ३९ मध्ये १२ जनालाई थप उपचारका लागि जिल्लाबाहिरको अस्पतालमा पठाएको र बाँकी २७ जनाको जिल्ला अस्पतालमै उपचार भइरहेको उनको भनाइ छ । 'दुर्घटनामा सामान्य घाइते भएकाको जिल्ला अस्पतालमै उपचार भएको छ, गम्भीर घाइतेलाई जिल्लाबाहिर पठाइएको छ,' चौधरीले भने । तीव्रगतिका कारण बस दुर्घटना भएको प्रहरीको भनाइ छ । शनिबार स्कुल बस दुर्घटना भएको ठाउँमा दर्सै र तिहारको बीचमा एउटा हायस र एउटा मालवाहक ट्रक पनि दुर्घटनामा परेका थिए ।

वीरमा आइपुग्यो ४५ सय एक्सरे फिल्म सिट, १५ दिनलाई अभाव टऱ्यो

शिवहरि घिमिरे/ नयाँ पत्रिका

देशकै पुरानो सरकारी अस्पताल वीरमा देखिएको 'एक्सरे फिल्म सिट' को अभाव केही दिनलाई टरेको छ । बिहीबार ठेकेदार कम्पनीले चार हजार पाँच सय थान एक्सरे फिल्म ल्याएपछि करिब १५ दिनलाई अभाव टरेको हो ।

एक्सरे रिपोर्ट प्रिन्ट गर्ने 'फिल्म सिट' अभाव भएको भन्दै २२ कात्तिकयता बिहीबारसम्म बहिरङ सेवा (ओपिडी)का सिटी, एमआरआई र एक्सरेतर्फका बिरामीलाई दिइने सेवा प्रभावित भएको हो । त्यसबेलासम्म अस्पतालले फिल्म सिट सकिएको भन्दै विरामीलाई निजी ल्याबमा पठाउने गरेको थियो । तर ठेकेदार कम्पनीले चार हजार पाँच सय थान एक्सरे सिट ल्याएकाले १५ दिनलाई अभाव टरेको वीरका मेडिकल स्टोर प्रमुख टीकाराम पनेरुले जानकारी दिए ।

विरामीको चापका कारण वीरमा दैनिक तीन सयभन्दा बढी बिरामीको सिटी, एमआरआई तथा एक्सरे गर्नुपर्छ । मासिक करिब एक हजार फिल्म एक्सरे सिट चाहिन्छ ।

तर २२ कार्तिकदेखि ७ असारसम्म एक्सरे सिट बन्द हुँदा विरामी मारमा परेका थिए । 'पाखुराको एमआरआई गर्नुपर्ने थियो, तर यहाँको ल्याब बन्द भएको भन्दै हामीलाई फर्काइयो,' बुधबार वीरमा भेटिएका बिरामी दाङका अनुपम अधिकारीले गुनासो गरे, 'अरू अस्पतालमा पुगेर सिटिस्क्यानको रिपोर्ट ल्याउन भन्नुभएको छ ।'

तर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले भने 'फिल्म सिट'को अभावले सेवा प्रभावित हुने अवस्था नभएको भन्दै केही कर्मचारीले कृत्रिम अभाव गराएको दाबी गरे । 'केही कर्मचारीले पाँच प्याकेट फिल्म सिट हुँदाहुँदै पनि लुकाएर कृत्रिम अभाव सिर्जना गरेका थिए, मैले यसअघि खोज्दा भेट्टाएँ, मंगलबार र बुधबार पनि केही कर्मचारीले बिरामीलाई त्यसरी फर्काएको पाएँ,' उनले भने, 'बिहिबार थप फिल्म सिट आएको छ, फिल्म सकिँदैमा सेवा नै अवरुद्ध हुने होइन, पेनड्राइभ वा सिडीमा पनि फिल्म दिन सकिन्छ ।'

फिल्म सिट सकिए पनि सेवा रोक्नुपर्दैन, पेनड्राइभ वा सिडीमा फिल्म दिन सकिन्छ

■ **डा. सन्तोष पौडेल**
निर्देशक, वीर अस्पताल



केही कर्मचारीले पाँच प्याकेट फिल्म सिट हुँदाहुँदै पनि लुकाएर कृत्रिम अभाव सिर्जना गरेका थिए, मैले यसअघि खोज्दा भेट्टाएँ, मंगलबार र बुधबार पनि केही कर्मचारीले बिरामीलाई त्यसरी फर्काएको पाएँ । फिल्म सकिँदैमा सेवा नै अवरुद्ध हुने होइन, पेनड्राइभ वा सिडीमा पनि फिल्म दिन सकिन्छ । ठेकेदार कम्पनीले बिहीबार चार हजार ५ सय थान ल्याइसकेको छ, बाँकी ल्याउनलाई भुक्तानीको समस्या पनि हो ।

सामाजिक सद्भाव खलबल पार्ने कोसिसप्रति सचेत हुनुपर्छ : प्रचण्ड

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सामाजिक सद्भाव खलबल पार्ने कोसिसप्रति सचेत हुनुपर्ने बताएका छन् । विशाल खड्काको 'पर्यावरणीय संकटः आठ अर्ब मानिसको साझा चुनौती' पुस्तक शनिबार लोकार्पण गर्दै उनले राष्ट्रिय एकता कायम, राष्ट्रिय स्वाधीनता सुदृढ र राष्ट्रिय स्वतन्त्रताको संरक्षण मार्क्सवादीहरूले गर्ने बताए ।



जनयुद्धमा जातीय, धार्मिक र सांस्कृतिक द्वन्द्वको घटना नभएको उनले दाबी गरे । 'सबै जातजाति, भाषाभाषी, वर्ग, समुदाय एक भएर परिवर्तनका निम्ति लडे । राष्ट्रिय एकताको प्रवर्द्धन त्यसले गरेको थियो,' प्रचण्डले भने, 'तर अहिले एकथरी मान्छेहरू जातीय रूपले पनि साम्प्रदायिकता फैलाउने, धार्मिक अतिवाद र त्यसबाट असहिष्णुता, सामाजिक सद्भाव खलबल पार्ने कोसिस गरिरहेको देखिन्छ । यसले के बताउँछ भने राष्ट्रिय एकता कायम गर्ने, राष्ट्रिय स्वाधीनता सुदृढ गर्ने, राष्ट्रिय स्वतन्त्रताको संरक्षण गर्ने भनेको पनि मार्क्सवादीहरूले नै हो ।'

भविष्यमा पुस्तालाई कस्तो पर्यावरण दिएर जान्छौं भन्ने प्रश्न निकै संवेदनशील रहेको उनले बताए । प्रचण्डले कोप सम्मेलनमा अधिकारको विषय उठाउने बताउँदै जलवायु परिवर्तनले अविकसित तथा विकासोन्मुख मुलुक सबैभन्दा ठूलो जोखिम रहेको उल्लेख गरे ।

शनिबार नै प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा आयोजित खुसीराम पाख्रिनको छैटौं स्मृति दिवस तथा खुसीराम पाख्रिन स्मृतिग्रन्थ विमोचन कार्यक्रममा प्रचण्डले भारत प्रवासमा रहेका लाखौं नेपाली संगठित नभएको भए जनयुद्ध अगाडि बढाउन र देशमा गणतन्त्र ल्याउन मुस्किल पर्ने स्मरण गरेका छन् । भारतमा रहेका नेपाली संगठित भएकै कारण भूमिगत रूपमा धेरै सहयोग मिलेको बताए । 'भारतमा राम्रो संगठन बनाउन नसकेको भए जनयुद्ध १० वर्षसम्म अगाडि बढ्ने र त्यसले गणतन्त्र ल्याउने कुरा सायद मुस्किल हुन पनि सक्थ्यो भन्ने लाग्छ,' प्रचण्डले भने, 'भारतमा संगठन हुनुको कारणले नै हामीले थुप्रै चिज भूमिगत रूपबाट सहयोग प्राप्त गर्‍यौं । भारत प्रवासमा उनले संगठन विस्तारमा ऐतिहासिक भूमिका खेलेको उनले बताए ।

महाराज जुवामा च्याँखे नथाप्नुस् : थापा

गुल्मी/ कांग्रेस महामन्त्री गगनकुमार थापाले हार्ने डरले चुनावअघि गरिने गठबन्धन राजनीतिक भ्रष्टाचार भएको बताएका छन् । कांग्रेस गुल्मीको दोस्रो जिल्ला सम्मेलनमा शनिबार उनले बरु अब हारेर चकटीमा बस्न तयार भएकाले कुनै हालतमा कांग्रेसले चुनावी गठबन्धन गर्न नहुनेमा जोड दिए । राजनीतिक, आर्थिक र नैतिक गरेर मुख्य तीन संकल्पका साथ कांग्रेस अगाडि बढाउनुपर्ने उल्लेख गर्दै थापाले आर्थिक अपचलन र नैतिक पतन भएकाहरू पार्टीमा नसुहाउने बताए । उनले कांग्रेस कार्यकर्ताले ढुक्कका साथ गणतन्त्र र संविधानको पक्षमा प्रतिवाद गर्नुपर्ने बताए ।

थापाले राजाहरूकै बदनियतका कारण नेपालको राजसंस्था विस्थापित भएको बताए । उनले पछिल्ला आन्दोलनतर्फ संकेत गर्दै संविधानको बाटो अनुशरण गरेर व्यवस्था परिवर्तन गरेर देखाउन चुनौती दिए । थापाले पूर्वराजालाई पार्टी खोलेर चुनाव लड्न आग्रह गरे । 'महाराज जुवामा च्याँखे नथाप्नुस् । हिम्मत भए पार्टी खोलेर कांग्रेससँग भिड्न आउनुस्,' उनले भने, 'कांग्रेसलाई राजा र धर्मको ठेकेदार चाहिँदैन ।'

कांग्रेस केन्द्रीय सदस्य चन्द्र भण्डारीले आफू दुर्घटना परेको घटना पहिलोपटक जिल्लावासीलाई सुनाएर स्तब्ध बनाए । उनले आफूलाई पुनर्जीवन दिने सबैलाई पवित्र रेसुंगा तपोभूमिको आशीर्वाद प्राप्त होस् भन्दा उपस्थिति कार्यकर्ता भावुक बनेका थिए । गुल्मी १ का सांसदसमेत रहेका भण्डारीले काठमाडौंको घटनादेखि भारतको उपचारसम्मका बारेमा बोल्दै बाँचेर मातृभूमिको स्टेजमा उभिन पाउँदा खुसी व्यक्त गरे । सम्पूर्ण नेपालीको सद्भाव र कामनाका कारण ठूलो दुर्घटनाबाट फेरि भ्रष्टाचार र विपन्नका आवाज बोल्न फर्किन सकेको भण्डारीले बताए । आफू उत्साहपूर्ण मतका साथ विजयी भएर गएपछि दुर्घटनाले लामो समय उपचारमा रहन परेको र स्वास्थ ठीक हुँदै गएकाले अब जिल्लाको विकास निर्माणको काममा खटिने प्रतिबद्धता व्यक्त गरे ।

जाजरकोटमा सय अस्थायी टहरा बनाएर फर्कियो पौडेलको टोली

काठमाडौं/ कांग्रेस सांसद प्रदीप पौडेलको नेतृत्वको टोलीले जाजरकोटमा एक सय अस्थायी आवास निर्माण सम्पन्न गरेको छ । कांग्रेसले श्रमदान गर्ने निर्णय गरेअनुसार पौडेल नेतृत्वको टोलीले नलगाड नगरपालिका- ५ स्थित रघुनाथ टोलमा मंगलबारदेखि अस्थायी टहरा निर्माणको काम थालेको थियो ।

टोली शनिबार काठमाडौं आइपुगेको कांग्रेसले जनाएको छ । टोलीले शुक्रबारसम्म श्रमदान गरेर सय अस्थायी आवासको आधारभूत संरचना निर्माणमा सहयोग गरेको महासमिति सदस्य सुशील भट्टले जानकारी दिए । गत सोमबार कांग्रेस सभापति शेरबहादुर देउवाको निवास धुम्बाराहीमा बसेको पदाधिकारी बैठकले अस्थायी आवास बनाउन स्वयंसेवक खटाउने निर्णय गरेको थियो ।





बंगलादेशी राजनीतिक संस्कृति बनेको चुनावी हिंसा

बंगलादेशी इतिहास हेर्दा सन् १९७३ देखि नै यहाँ सत्तारूढ दलको नेतृत्वमा भएको कुनै पनि निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको छैन



● पामिर गौतम

अग्रलेख

निष्पक्ष निर्वाचनका लागि स्वतन्त्र चुनावी सरकार गठनको मागसहित विपक्षी दलले बंगलादेशभर विरोध प्रदर्शन गरिरहेका वेला त्यहाँका मुख्य निर्वाचन आयुक्तले बाह्रौं संसदीय निर्वाचन ७ जनवरी २०२४ मा हुने घोषणा गरेका छन्। विपक्षीसँग सहमति नजुटाई आयोगले मिति घोषणा गर्दा बंगलादेशको राजनीतिक माहोल थप तनावपूर्ण भएको छ। बंगलादेशको सत्तारुढ दल अबामी लिग तटस्थ अन्तरिम सरकारको माग पूरा नगरी निर्वाचन गराउन चाहन्छ, चाहे त्यसका कारण विपक्षीले निर्वाचन नै बहिष्कार किन नगरून्। यसले प्रतिपक्षलाई थप कमजोर बनाउने अबामी लिगको लेखाजोखा छ। त्यसैले, उसले चुनावी कार्यतालिकालाई सकारात्मक बताउँदै सबैलाई लागू हुने बताएको छ। अर्कातर्फ संवैधानिक रूपमा आयोग स्वतन्त्र भए पनि स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने सरकारको क्षमताप्रति अविश्वास व्यक्त गर्दै विपक्षी दलले एकतर्फी निर्वाचन घोषणाको निन्दा गरेका छन्। प्रमुख राजनीतिक दल बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले मेरुदण्डविहीन आयोगले हसिनाको निर्देशनमा कार्यतालिका सार्वजनिक गरेको र हसिना प्रशासन फेरि प्रहसनात्मक निर्वाचनमार्फत लोकतन्त्र र जनताको मताधिकार खोस्ने प्रयासमा लागेको आरोप लगाउँदै त्यसलाई आफूले स्वीकार नगर्ने बताएको छ।

बंगलादेशमा अहिले व्याप्त राजनीतिक हिंसाको जरा बंगलादेशको स्वतन्त्रतालगत्तै त्यहाँका नेतृत्वमा बढेको व्यक्तिगत द्वन्द्व र अहंकारसँग जोडिएको छ। दुई प्रमुख दल अबामी लिग र बिएनपी दुवैको स्थापना स्वतन्त्रता संग्रामका नायकले गरेका थिए। अहिले अबामी लिगको नेतृत्व स्वतन्त्रतावादी नेता तथा बंगलादेशका राष्ट्रपिता शेख मुजिबुर रहमानकी छोरी हसिनाले गरेकी छिन् भने बिएनपीकी अध्यक्ष खालिदा जिया प्रख्यात स्वतन्त्रता सेनानी कमान्डर जनरल जियाउर रहमानकी पत्नी हुन्। बिएनपीले आफूलाई बंगलादेशी राष्ट्रवादको संरक्षक भएको दाबी गर्छ भने अबामी लिग आफूलाई बंगलादेश मुक्तिको एक मात्र संरक्षक ठान्छ।

बंगलादेशी इतिहास हेर्दा सन् १९७३ बाटै सत्तारुढ दलको नेतृत्वमा भएको कुनै पनि निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको छैन। अर्कोतर्फ यस्तो कुनै निर्वाचन छैन, जसमा आतंक, अपहरण र हत्या नभएको होस्। स्वतन्त्रतापछि बंगलादेशको पहिलो संसदीय चुनाव मार्च १९७३ मा भएको थियो। सन् १९७३ को सुरुवातदेखि नै सेख मुजिबुर रहमानले विपक्षीलाई चुनाव बिथोल्न खोजेको आरोप लगाई त्यसको विरोध गर्न जनतालाई अपिल गरे। प्रतिपक्षीले भने सत्तारुढ दल आतंक, धम्की, दमन र फासीवादी गतिविधिमा लागेको आरोप लगाउँदै निर्वाचनका लागि अनुकूल वातावरण माग गरे। केही रिपोर्टअनुसार निकट प्रतिस्पर्धा भएका निर्वाचन क्षेत्रमा सत्तारुढ अबामी लिगका कार्यकर्ताले सम्भावित विपक्षी उम्मेदवारलाई उम्मेदवारी दर्ता गर्नुअघि नै अपहरण गरेका थिए। हिंसा र आतंक मच्चाउनुका साथै मतपत्र र मतपेटिका लुटेर चुनावमा धाँधली गरेका थिए। बंगलादेशमा बढ्दो राजनीतिक संकटले त्यहाँको सेनालाई सरकार कब्जा गर्न थप उर्वर भूमि दियो।

नोभेम्बर १९७५ देखि डिसेम्बर १९९० सम्म बंगलादेशमा दुई सैन्य प्रमुख मेजर जनरल जियाउर रहमान र लेफ्टिनेन्ट जनरल हुसेन मुहम्मद एरसादले शासन गरे। जिया र एरसाद दुवैले राज्यको संरक्षणका साथै राज्य संयन्त्र प्रयोग गरेर क्रमशः बिएनपी र जातीय पार्टी स्थापना गरे। सैन्य सरकारले १९७९, १९८६ र १९८८ मा चुनाव गराए पनि ती सबै सेनाद्वारा नियन्त्रित थिए। सैन्य शासनको अन्त्यसँगै बंगलादेशको पाँचौं संसदीय चुनाव १९९१ मा कार्यवाहक राष्ट्रपति साहबुद्दीन अहमदको तटस्थ चुनावी सरकारको नेतृत्वमा भएको थियो। चुनावका क्रममा केही व्यक्तिले ज्यान गुमाएका भए पनि यो नै बंगलादेशको इतिहासमा सबैभन्दा शान्तिपूर्ण निर्वाचन थियो।

बंगलादेशको छैटौं संसदीय चुनाव फेब्रुअरी १९९६ मा बेगम खालिदा जिया सरकारको नेतृत्वमा भएको थियो। तटस्थ चुनावी सरकारको माग जिया सरकारले नमानेपछि संसद्को प्रमुख विपक्षी दल अबामी लिग निर्वाचनमा सरिक भएन। अबामी लिग र बिएनपीबीचको बढ्दो तनावले निर्वाचनअघि, निर्वाचन र निर्वाचनपछिका दिनमा देशभर हिंसात्मक घटना घटेको थियो। एउटा प्रतिवेदनअनुसार सो क्रममा लगभग ७० जनाले ज्यान गुमाएका थिए भने चार हजारभन्दा बढी घाइते भएका थिए। प्रधानमन्त्री जियाको बिएनपी निर्विरोध बहुमत सिट जितेर दोस्रो कार्यकालका लागि पुनः निर्वाचित त भयो, तर त्यो सरकार लामो समय टिकेन। अन्य दलले शृंखलाबद्ध हडताल आह्वान गरे र नयाँ स्वतन्त्र निर्वाचनको माग पूरा नभएसम्म अनिश्चितकालीन असहयोग आन्दोलन आह्वान गरे। २५ मार्च १९९६ मा बढ्दो राजनीतिक उथलपुथलपछि संसद्ले चुनाव गराउन एक तटस्थ चुनावी सरकार स्थापनाको प्रावधानसाथ तेह्रौं संवैधानिक संशोधन लागू गऱ्यो। सातौं संसदीय चुनाव १२ जुन १९९६ मा पूर्वप्रधानन्यायाधीश हबिबुर रहमान नेतृत्वको चुनावी सरकारले गरायो। निर्वाचनमा ७४.८१ प्रतिशत मतदाताले भाग लिए। निर्वाचनका क्रममा देशभर भएका हिंसाका घटनाका कारण लगभग ३० जनाको ज्यान गयो।



सन् २००१ को आठौं संसदीय निर्वाचनमा विशेषगरी अबामी लिग र बिएनपीका कार्यकर्ताबीचको झडप र द्वन्द्वले स्थितिलाई गम्भीर बनायो। हत्या, चुनावी ऱ्याली र जुलुसमा आक्रमण, केही पूर्वमन्त्रीलगायत उम्मेदवारमाथि आक्रमण, चुनावी शिविर ध्वस्त हुने घटना सामान्य बने। रिपोर्टअनुसार निर्वाचन कार्यतालिका घोषणाको ३५ दिनभित्र १२४ को ज्यान गएको र ६ हजार घाइते भएको बताइएको छ। चुनावी हिंसाले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने अनुकूल वातावरणलाई बिगार्ने भएकाले हिंसाको प्रभाव लामो समय रहिरहँदा अर्को निर्वाचन गर्न गाह्रो भयो। अबामी लिगको बहिष्कार र चुनावको हिंसाका कारण २००६ को नवौं संसदीय चुनाव स्थगित भएपछि, सेना समर्थित कार्यवाहक सरकारले निर्वाचन प्रक्रियाको प्राविधिक र राजनीतिक पक्ष दुवै सुधार गर्ने बताएको थियो। राजनीतिक सुधारका नाममा कार्यवाहक सरकारले दुई पूर्वप्रधानमन्त्री शेख हसिना र खालिदा जियालगायत धेरैलाई राजनीतिक नेतृत्वबाट हटाउने उद्देश्यले पक्राउ गरेपछि त्यसले बंगलादेशको राजनीतिक व्यवस्थामै उथलपुथल ल्यायो। राजनीतिक नेतृत्व हटाउने कार्यवाहक सरकारको प्रयास असफल भयो। डिसेम्बर २००८ मा नवौं संसदीय चुनाव भयो, जसमा हसिना र जिया दुवैले भाग लिए र यसलाई आन्तरिक र अन्तर्राष्ट्रिय पर्यवेक्षकले बंगलादेशमा हालसम्मको सबैभन्दा प्राविधिक र हिंसामुक्त संसदीय निर्वाचनका रूपमा प्रशंसा गरे।

> स्थापनाकालदेखि नै बंगलादेशमा एउटा 'राजनीतिक संस्कार' विकास भएको छ, चाहे सरकार होस् या प्रतिपक्ष, दुवैले हिंसा र दमनलाई आफ्नो माग स्थापित गर्ने बाटो बनाएका छन्। जसले गर्दा आउने दिनमा यहाँको सुरक्षा अवस्था थप तरल र अनिश्चित हुने स्पष्ट छ।

सैन्य विद्रोहको डरले अबामी लिग र बिएनपीलाई नजिक त ल्यायो, तर आदतले मजबुर यी दुईको कार्यशैली भने उस्तै रह्यो। निर्वाचनमा हारेको बिएनपीले केही महिनाको सहभागितामै संसद् बहिष्कार गऱ्यो। हसिना सरकारले निर्वाचन आयोग पर्याप्त रूपमा बलियो भएको र चुनावी सरकारले राजनीतिमा सुधार गर्न खोज्दा २००६-२००८ को अवधिमा व्यवस्थाको दुरुपयोग भएको र त्यस्तो घटना फेरि दोहोरिन सक्ने भन्दै तटस्थ कार्यवाहक सरकारको व्यवस्थालाई हटाउन संविधान संशोधन गऱ्यो। कार्यवाहक सरकारको प्रावधान हटाएपछि बिएनपीले सत्तारुढ सरकारको नेतृत्वमा स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्भव नहुने बताउँदै आन्दोलन घोषणा गऱ्यो। द इकोनोमिस्टले सन् २०१३ मा राजनीतिक हिंसामा ५०० भन्दा बढी व्यक्तिको मृत्यु भएको र यसलाई 'स्वतन्त्रतापछिको सबैभन्दा हिंसात्मक वर्षमध्ये एक' बनाएको लेखेको छ। निर्वाचनका लागि सरकार गठनबारे वार्ता प्रयास असफल भएपछि बिएनपीले दसौं संसदीय निर्वाचन बहिष्कार गर्ने घोषणा गऱ्यो। जनवरी २०१४ मा भएको दसौं संसदीय निर्वाचनमा केवल बाइस प्रतिशत मतदाताले मतदान गरे। निर्वाचनअघि ९४ जनाको, निर्वाचनको दिनमा १८ जनाको र निर्वाचनपछि पाँचजनाको मृत्यु भयो। अबामी लिगले ३०० मध्ये २३२ सिट जित्यो। प्रशासनले चुनावअघि नै बिएनपी नेतृ जियालाई घरमै नजरबन्दमा राखेको थियो भने जातीय पार्टीका अध्यक्ष एरसादलाई अस्पतालको 'हिरासत'मा राखिएको थियो।

बंगलादेशमा ११औं संसदीय चुनाव डिसेम्बर ०१८ मा अबामी लिगको सरकारको नेतृत्वमा भएको थियो। ०१८ मा बिएनपीसँग विकल्प थिएन, चुनावमा सहभागी नभए उनीहरूको दर्ता गुम्ने थियो। निर्वाचनमा विपक्षी दल सहभागी भए पनि निर्वाचनको विश्वसनीयतामाथि प्रश्न उठ्यो। बिएनपीका प्रवक्ताले उम्मेदवारी दिएका ३०० मध्ये २२१ मा अनियमितता भएको आरोप लगाए। त्यस्तै एक बिबिसी संवाददाताले चटगाउँको बन्दरगाह सहरको केन्द्रमा मतदान सुरु हुनुअघि नै मतपेटिका भरिएको आफैँले देखेको समाचार सम्प्रेषण गरेका थिए। निर्वाचनअघि र पछिका दिनमा देशभर हिंसात्मक घटना भए, जसमा लगभग ३० को ज्यान गयो। संयुक्त राष्ट्र मानवअधिकार आयोगको कार्यालयले कानुन प्रवर्तन अधिकारी र सत्तारुढ पार्टीका कार्यकर्ता सरकारविरोधी र अल्पसंख्यकको स्वेच्छाचारी गिरफ्तारी, उत्पीडन, दमन, बेपत्तालगायत हत्याजस्तो कार्यमा सरिक भएको बताएको थियो।

स्थापनाकालदेखि नै बंगलादेशमा एउटा राजनीतिक संस्कार विकास भएको छ, चाहे सरकार होस् या प्रतिपक्ष, दुवैले हिंसा र दमनलाई आफ्नो माग स्थापित गर्ने बाटो बनाएका छन्। अर्को वर्षको प्रारम्भमा चुनाव हुन लागेको र त्यसमा असन्तुष्ट पिएनपी र अन्य विपक्षी दलको गतिविधि तीव्र बन्दै गएको अवस्थामा आउने दिनमा यहाँको सुरक्षा अवस्था तरल र अनिश्चित हुने स्पष्ट छ। अघिल्लो महिना २८ अक्टोबरमा हसिनालाई सत्ताबाट हटाउने उद्देश्यले भएको ठूलो विपक्षी आन्दोलनपछि बंगलादेशको अदालतले बिएनपीका करिब पाँच सय अधिकारी र कार्यकर्तालाई दोषी ठहर गर्दै गिरफ्तार गर्ने आदेश दिएको समाचार आएका छन्। सन् २०१८ मा भ्रष्टाचार मुद्दामा बिएनपी प्रमुख खालिदा जिया दोषी ठहरिएपछि सो पार्टीलाई नेतृत्व गरिरहेका मिर्जा फखरुल इस्लाम आलमगिर पनि गिरफ्तारीमा परेका छन्। रिपोर्टअनुसार बिएनपीका वरिष्ठ नेता गिरफ्तार हुनबाट जोगिन लुकेका छन्। त्यस्तै, निर्वाचनको माहोल तात्दै गर्दा त्यसले अन्तर्राष्ट्रिय समुदायको पनि ध्यान तानेको छ। १४ नोभेम्बरमा संयुक्त राष्ट्रसंघले बंगलादेशमा विपक्षी नेताको गिरफ्तारी र राजनीतिक कार्यकर्ताको मनमानी नजरबन्दले मानवअधिकार हननको विषयमा चिन्ता व्यक्त गरेको थियो। स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन पश्चिमी देशले दबाब दिएका छन्। केही समयअघि मात्र अमेरिकी सहायक सचिव डोनाल्ड लुले तीन प्रमुख दल अबामी लिग, बिएनपी र जातीय पार्टीलाई गतिरोध समाधानार्थ वार्ता गर्न आग्रह गरेका थिए। अमेरिकाले बंगलादेशमा प्रजातान्त्रिक निर्वाचन प्रक्रियालाई कमजोर पार्ने व्यक्तिलाई भिसा प्रतिबन्ध लगाएको छ। अमेरिकी डिपार्टमेन्ट अफ स्टेट्सले बंगलादेशको चुनावी वातावरणलाई नजिकबाट निगरानी गरिरहेको र हिंसाको कुनै पनि घटनालाई गम्भीर रूपमा लिने बताएको छ। अर्कातर्फ चीन र भारतले भने बंगलादेशको चुनाव त्यहाँको आन्तरिक मामिला भएको बताएका छन्।

---

३ प्रश्न

राष्ट्रिय महिला आयोगकी अध्यक्ष **कमला पराजुली**लाई



लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानमा के–के गर्दै हुनुहुन्छ ?

यस अवधिमा राष्ट्रिय महिला आयोग र लैंगिक अधिकारका क्षेत्रमा काम गरिरहेका विभिन्न संस्थाले आआफ्नो स्थानबाट विभिन्न दबाबमूलक कार्यक्रम आयोजना गर्दै छन्। महिला आयोगले आज (आइतबार) आफ्नै हलमा यस अभियानको शुभारम्भ गर्दै छ। यस अवधिमा लैंगिक हिंसाविरुद्ध सचेतना जगाउन चित्रकला, सडक नाटक, विभिन्न अन्तर्संवादलगायत कार्यक्रममार्फत पैरवी गरिनेछ।

यस्तो अभियानले लैंगिक हिंसा न्यूनीकरणमा कस्तो प्रभाव पार्ला ?

समाजमा हिजो पनि यस्ता हिंसात्मक घटना हुन्थे र आज पनि भइरहेका छन्। तर, हिजो चेतना अभावमा सहेर बस्ने, बाहिर ल्याउन डराउने, उजुरी नगर्ने अवस्था थियो भने आज यस्ता कार्यक्रमका प्रभावस्वरूप हिंसाका घटनामा खासै कमी नआए पनि सहेर चुपचाप नबस्ने, उजुरी गर्ने, घटना बाहिर ल्याउने प्रवृत्ति बढेको छ।

नेपालमा लैंगिक हिंसाको अवस्था कस्तो पाउनुहुन्छ ?

प्रहरीमा दर्ता भएका घटना, महिला आयोगमा आएका उजुरी र पत्रपत्रिकामा आएका समाचार हेर्दा लैंगिक हिंसा पटक्कै घटेको छैन। यस्ता घटना विगतमा पनि हुन्थे। तर, त्यतिखेर पीडितले पीडा सहेर बस्ने प्रवृत्ति थियो भने आज उजुरी गर्ने प्रवृत्ति बढेको छ। हाल छापा र अनलाइन मिडिया, सामाजिक सञ्जाल, इन्टरनेट र मोबाइल फोनको सहजताले गर्दा हिंसाका घटना सजिलै सार्वजनिक भइरहेका छन्। तर, प्रविधिको बढ्दो प्रयोगसँगै यसको दुरुपयोग पनि बढ्दो छ। सामाजिक सञ्जालमार्फत हुने लैंगिक हिंसाका कारण पारिवारिक विखण्डन र आत्महत्याका घटनासमेत बढिरहेका छन्।

प्रेरक प्रसंग

अन्तिम उपदेश

गुरुकुलको शिक्षा आज पूर्ण हुँदै थियो। आज गुरुकुलका मुख्य गुरुले शिष्यलाई अन्तिम उपदेश दिँदै थिए। यसका लागि सबै प्रार्थना कक्षमा जम्मा भएका थिए। सबै शिष्य उपस्थित भइसकेपछि गुरु कक्षामा प्रवेश गरे। उनको हातमा काठबाट बनेका समान आकारका तीन खेलौना थिए। उनले शिष्यहरूलाई ती खेलौना देखाउँदै भने आज म तपाईंहरूलाई अन्तिम उपदेश दिँदै छु। त्यसअघि तपाईंहरूले यी तीन खेलौनामा भएको अन्तर पत्ता लगाउनुपर्छ। उनले ती तीनवटै खेलौना शिष्यहरूका हातमा राखिदिए।

शिष्यहरूले बडो ध्यानपूर्वक तिनै खेलौनाको निरीक्षण गरे। उनीहरूले खासै कुनै अन्तर भेट्न सकेनन्। अचानक एक शिष्यले एउटा खेलौना देखाउँदै भने- ए मित्रहरू हो, यता हेर्नुहोस् त, यो खेलौनाको कानमा एउटा प्वाल छ। यत्ति संकेत पाउनासाथ सबैले तीनवटै खेलौनाको अन्तर पत्ता लगाए र भने- गुरुदेव, एउटा खेलौनाको दुवै कानमा प्वाल छ। अर्कोको एक कान र मुखमा प्वाल छ भने अर्कोको चाहिँ मात्र एउटा कानमा प्वाल छ।

गुरुले गम्भीर हुँदै भने- एकदम सही पत्ता लगाउनुभयो। उनले एउटा धातुको मसिनो तार दिँदै भने- ल, यसलाई कानको एउटा प्वालबाट भित्र घुसाउनुहोस् त ! शिष्यहरूले गुरुको आज्ञाअनुसार तारलाई एउटा कानबाट भित्र घुसाए। पहिलो खेलौनाको एउटा कानबाट छिरेको तार अर्को कानबाट बाहिर निस्कियो। दोस्रो खेलौनाको मुखबाट निस्कियो भने तेस्रोको चाहिँ कानबाट पसेको तार कतै पनि निस्केन। गुरुले पुनः तीनवटै खेलौनालाई हातमा लिँदै भने- मेरा प्रिय शिष्यहरू हो, यी तीन खेलौनाजस्तै नै तपाईंहरूको जीवनमा पनि तीन प्रकारका मानिसहरू आउनेछन्। पहिलो खेलौना देखाउँदै उनले भने- जीवनमा त्यस्ता व्यक्तिसँग आफ्ना समस्या साझा नगर्नुहोस्, जसले तपाईंका कुरा एक कानले सुनेर अर्को कानबाट उडाइदिन्छन्।

दोस्रो खेलौना देखाउँदै उनले भने- जो तपाईंका कुरा सुन्छन् र अरूसँग गएर त्यसलाई सुनाउँछन्, त्यस्ता व्यक्तिबाट पनि जोगिनुहोला। उनीहरूलाई आफ्ना महत्त्वपूर्ण कुरा कहिल्यै नबताउनुहोला। त्यसपछि तेस्रो खेलौना देखाउँदै गुरुले भने- यो तेस्रो खेलौना त्यस्ता व्यक्तिको प्रतीक हो, जसमाथि तपाईंहरूले पूरापूर विश्वास गर्न सक्नुहुन्छ। उनीहरूसँगै कुनै पनि प्रकारको विचार विमर्श गर्न सक्नुहुन्छ। यस्ता मानिससित जहिल्यै नजिक रहनुहोला।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डरलाग्दो तथ्यांक

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु हुँदै गर्दा सार्वजनिक भएको नेपालमा दैनिक ६ बालिकामाथि यौनहिंसा हुँदै आएको तथ्यांक डरलाग्दो छ। खासगरी कलिला बालिकाहरू यस्ता हिंसाको सिकार हुँदै आएको देखिन्छ। हुन त कुनै पनि उमेरका महिलामाथि हुने यस्तो हिंसा बिल्कुलै अस्वीकार्य हुन्छ। राज्यले यस्ता हिंसाका पीडकमाथि कडाभन्दा कडा कारबाही गरी पीडितलाई क्षतिपूर्ति र शिक्षादीक्षाको व्यवस्था मिलाउनुपर्छ। लैंगिक हिंसाविरुद्धको अभियान चलाएर मात्र हुँदैन। यसलाई औपचारिकता दिनुको मात्र कुनै अर्थ हुँदैन। यसमा हामी सबै सचेत भएर लैंगिक हिंसा न्यूनीकरणमा भूमिका खेल्न सक्यौं भने मात्र यसको उपादेयता सिद्ध हुन सक्छ।

● **बलराम परियार**, मानभवन, ललितपुर

भूकम्पपीडितलाई जोगाऊ

चिसोले जाजरकोट र रुकुमका भूकम्पपीडितको मृत्यु भएका समाचार पटक-पटक आइरहेका छन्। तैपनि, तीन तहका सरकारको ध्यान यसतर्फ गएको देखिन्न। नत्र गाउँघरमा स्थानीय सामग्रीबाटै पनि पीडितलाई चिसोबाट जोगाउन सकिन्छ। यतिखेर सबैको घरमा पराल हुन्छ। त्यही परालालाई मात्र व्यवस्थित गरी प्रयोग गर्ने हो भने चिसोबाट जोगिन कठिन छैन। तर, स्थानीय तहले समेत चासो नदिँदा भूकम्पको कहरबाट जोगिएकाहरू यतिखेर चिसोका कारण बिरामी परी ज्यान गुमाउन बाध्य भइरहेका छन्। भूकम्पपीडितलाई जोगाऊ।

● **अमृता छन्त्याल**
सुकेधारा, काठमाडौं

द्रुत बससेवा प्रभावकारी बनाऊ

पहिलोपल्ट द्रुत बससेवा सुरु गरे पनि सेवा सफल हुन नसकेपछि केही समयदेखि अवरुद्ध द्रुत बससेवालाई सरकारले पुनः सुचारु गर्न लागेको समाचार सुनियो। सरकारले ११ वटा बस थपेर सेवा सहज बनाउन लागेको सुन्दा खुसी नै लाग्यो। तर, व्यस्त सडकमा 'डेडिकेटेड' लेन राखेर द्रुत बससेवा सञ्चालन गर्दा त्यो कति प्रभावकारी होला, अलि ध्यान दिनुपर्छ कि ? दमकल र एम्बुलेन्सलाई समेत बाटो नछोड्ने यात्रु र सवारीचालक भेटिने सडकमा द्रुत बससेवा कसरी प्रभावकारी होला खै ?

● **सर्वोत्तम शाक्य**
ठिमी, भक्तपुर

संघीय गणतन्त्रको नयाँ विशेषता !

राष्ट्रिय परिचयपत्र बनाउन फोटो खिच्ने क्रममा टोपी फुकाल्न लगाइँदा नै झसंग भएको थियो मेरो मन ! यो देशमा के हुन आँटेको होला भनेर निकै दिनसम्म खल्लो लागिरह्यो। नभन्दै अब अहिले आएर राजधानीमा टोपी लगाएर हिँड्नेमाथि सुरक्षाकर्मीको नजर पर्न थालेछ ! राष्ट्रिय पोसाक दौरासुरुवालमाथि कोट, अनि त्यसमाथि पाल्पाली ढाकाटोपी लगाउँदा 'नेपाली हुँ' भन्ने गर्वले छाती फुल्थ्यो। सधैँ नभए पनि, त्यो लगाएर अफिस, बजार र भोजतिर जाँदा छुट्टै आनन्द आउँथ्यो। अब त त्यस्तो पोसाक लगाएर सडकतिर हिँड्यो भने ८३ वर्षीय वृद्ध पनि 'आन्दोलनकारी' ठहरिएर पक्राउ खाने दिन आए ! राष्ट्रिय झन्डा हाम्रो गौरवमय पहिचान र सान हो। हरेक सफल आरोहणपछि नेपाली पर्वतारोहीले सगरमाथामा यो फहराउँछन्। हरेक सरकारी कार्यालयमा यो राखिन्छ। हरेक औपचारिक कार्यक्रममा यो बोकिन्छ-फहराइन्छ। तर, राष्ट्रप्रेमी नागरिकका रूपमा यो लिएर हिँड्दा अब शंकाको दृष्टिमा परिने भएछ !

नेपाली भाषालाई भन्दा अंग्रेजी भाषालाई मानमनिता गर्न थालिएको छ। नेपाली उत्पादनलाई भन्दा विदेशी उत्पादनको सान बढेको छ। नेपालमा जीवन बिताउनुभन्दा विदेश जानुमै इज्जतिलो पहिचान बनेको छ। भाषा, वेशभूषा, संस्कृति कुनैको पनि मौलिकता रहन नदिने आजको अवस्था कसरी आयो ? के हामी नेपालीले संघीयता र गणतन्त्रको परिवर्तित विशेषता नै यही हो भनेर बुझ्नुपर्ने हो ?

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा
sindrakumar14@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

उग्र दक्षिणपन्थी पार्टीको विजयको अर्थ

चुनावमा सबैभन्दा ठूलो दल बनेको पार्टी फर फ्रिडमका नेता वाइल्डर्सले भाग लिने सरकारमा युरोपियन युनियनप्रति सन्देहास्पद अडान देखिनेछ



देश / विदेश

● क्याथरिन डी भ्राइज

नेदरल्यान्ड्सको चुनावमा गिर्ट वाइल्डर्स नेतृत्वको पार्टी फर फ्रिडम विजयी भएको छ र यसले राजनीतिक संस्थापनलाई ठूलो धक्का दिएको छ। डच इतिहासमा पहिलोपटक राष्ट्रिय संसद्मा उग्र-दक्षिणपन्थी पार्टी सबैभन्दा ठूलो पार्टी बनेको छ। वाइल्डर्स एक सनकी नेता हुन्, जो भड्काउ बयानबाजीका लागि चर्चित छन्। उनी नेदरल्यान्ड्सले युरोपियन युनियन छोड्नुपर्ने बताउँछन् र एकपटक उनले इस्लामलाई 'फासिस्ट' धर्मको संज्ञासमेत दिएका थिए। सन् २०१६ को एक सुनुवाइले उनलाई विभेद गर्न उक्साएको आरोपमा दोषी ठहऱ्याएको थियो, तर उनले यस अपराधका लागि सजाय पाएनन्।

पूर्वनिर्वाचन सर्वेक्षणले पार्टी फर फ्रिडम प्रमुख पार्टीका रूपमा देखा पर्ने संकेत गरे पनि मूलधारका वाम एवं दक्षिणपन्थी दलसँग कडा प्रतिस्पर्धा गर्ने देखाएको थियो। तर, यी पूर्वानुमान गलत साबित भए, किनभने वाइल्डर्सले अन्ततः संसदीय सिट गणनामा पर्याप्त अग्रता हासिल गरे। तैपनि, उनले साझेदार खोजेर गठबन्धन सरकार बनाउनुपर्नेछ। न्यु सोसल कन्ट्र्याक्ट नाम गरेको एक नयाँ दक्षिणपन्थी पार्टीले पनि पहिलोपटकमै बलियो प्रदर्शन गरेको छ। पार्टी फर फ्रिडमझैँ यसले नेदरल्यान्ड्सको समस्याग्रस्त सार्वजनिक सेवा र किफायती आवासको अभावजस्ता मुद्दाका लागि आप्रवासनलाई दोष दिन्छ। यद्यपि, न्यू सोसल कन्ट्र्याक्टका नेता (पहिले मध्यम-दक्षिणपन्थी क्रिस्टियन डेमोक्र्याटिक पार्टीका पूर्व सांसद) पिटर ओम्जिग्ट वाइल्डर्सको उत्तेजक एवं भड्काउ भाषणप्रति आलोचनात्मक दृष्टिकोण राख्छन्। यसका बाबजुद वाइल्डर्ससँग गठबन्धन बनाउन ओम्जिग्ट नै उपयुक्त पात्र देखिन्छन्।

यसबाहेक अहिले सत्ताबाहिर रहेका प्रधानमन्त्री मार्क रुटको नेतृत्वमा रहेको पार्टी पनि गठबन्धनमा जोडिन सक्छ। तर, साझेदारीको सम्भाव्यता निर्धारण गर्न समय लाग्नेछ। नेदरल्यान्ड्समा गठबन्धन बनाउन महिनौं लाग्छ। वाइल्डर्सको व्यक्तिगत छविका कारण गठबन्धन बन्ने प्रक्रिया थप जटिल हुनेछ। वाइल्डर्ससँग सबैभन्दा बढी सिट भए पनि धेरै वर्षदेखि विवादित छविका कारण उनी प्रधानमन्त्रीको भूमिकामा अयोग्य ठहरिन सक्छन्।

यदि गठबन्धन बन्यो भने पनि युरोपियन युनियनमा नेदरल्यान्ड्सको स्थितिबारे प्रश्न उठ्नेछ। वाइल्डर्स ब्रेक्जिट शैलीको जनमतसंग्रहको वकालत गर्छन्। यस्तो जनमतसंग्रह कार्यान्वयन भएन भने पनि वाइल्डर्सले भाग लिने सरकारमा युरोपियन युनियनप्रति सन्देहास्पद अडान देखिनेछ। यो अवस्थामा युरोपियन युनियनमाथि ठूलो प्रभाव पर्नेछ। युरोपमा उग्र-दक्षिणपन्थी दलले युरोपियन युनियन बहिर्गमनका मामिलामा भिन्न मत राख्ने गरेका छन्। तथापि, युरोपियन युनियन थप घनीभूत अन्तरसरकारी निकायमा रूपान्तरण हुने सम्भावना देखिन्छ। अर्थात् युरोपियन युनियनको ब्रसेल्समा रहेको केन्द्रीकृत शक्ति घट्नेछ।

वाइल्डर्सले सम्भवतः गत वर्ष इटलीको चुनावी नतिजाबाट केही सिक्नेछन्। सो चुनावमा इटलीमा प्रधानमन्त्रीका रूपमा जर्जिया मेलोनी विजय भएकी थिइन् र मेलोनीसँग वाइल्डर्स वैचारिक रूपमा नजिक छन्। मेलोनीका उग्र-दक्षिणपन्थी ब्रदर्स अफ इटली पार्टी सन् २०२२ को चुनावमा प्रमुख शक्ति बनेको थियो, जसले अन्य दक्षिणपन्थी एवं उग्र-दक्षिणपन्थी पार्टीसँग गठबन्धन बनाएको थियो।

वाइल्डर्सझैँ मेलोनीलाई राजनीतिक वृत्तमा बाहिरियाका रूपमा हेरिन्थ्यो र उनी लामो समयदेखि राजनीतिक बहसको केन्द्रमा आप्रवासी नै थिइन्। तर, जब उनी सत्तामा पुगिन्, तब उनको उग्र-आप्रवासनविरोधी भाष्य नरम बन्दै गएको छ। पदबहाली भएलगत्तै व्यापारिक समुदायले उनलाई इटलीको श्रमिक संकट समाधान गर्न माग गरेको थियो, अर्थात् थप आप्रवासी श्रमिक बढाउनुपर्ने अवस्था निम्तियो।



तस्बिर : रामको डी वाल/इपिए

लन्डन स्कुल अफ इकोनोमिक्सबाट सारा होबोल्टसँगको सहलेखनमा पोलिटिकल आन्ट्रेप्रेनियर्स नामक मेरो पुस्तक प्रकाशित छ। सो पुस्तकमा हामीले शासन प्रक्रियाले राजनीतिक दलमा परिवर्तन ल्याउँछ भन्ने देखाएका थियौँ। सत्ताबाहिर रहँदा चर्को आलोचक बन्न सजिलो भए पनि सत्तारोहण हुँदा राजनीतिक दल सरकारी नीतिका लागि जवाफदेही हुनुपर्छ। सरकारले निर्णय गर्नुपर्छ, प्रतिस्पर्धात्मक चासोमा विचार गर्नुपर्छ। यसबाहेक बजेट सम्बन्धित प्रावधानले सरकारमा सीमितता ल्याउने गर्छ। अन्य धेरै लोकरिझ्याइँवादी पार्टीका नेताले झैं मेलोनीले नेतृत्व सम्हालेपछि उनको चर्को दृष्टिकोण साम्य भयो।

वाइल्डर्सले महत्त्वपूर्ण रूपमा विचार गर्नुपर्ने विषय भनेको ब्रदर्स अफ इटलीको चुनावी प्रचार र चुनावपछि सरकारमा आउँदा लिएको नीति हो। अर्थात् चुनावी समयमा ब्रदर्स अफ इटलीले युरोपियन युनियनप्रति सन्देह राख्ने नीतिलाई चुनावी वाचाका रूपमा पेस गरेका थिए। यद्यपि अहिले पार्टी युरोपियन युनियनसँग नजिक मात्रै नभई युनियनको आप्रवासन मुद्दामा पनि सहमत भएको छ। मेलोनीले सार्वजनिक रूपमा युरोपियन युनियनका अध्यक्ष उर्सुला भोन डर लेयनसँग निकटता प्रदर्शन गरेकी थिइन्।

तर, इटलीको अनुभवले अर्को परिदृश्य पनि देखाउँछ, जसले वाइल्डर्सलाई आकर्षित गर्न सक्छ। स्थापित राजनीतिक व्यवस्थालाई चुनौती दिएर लोकप्रियता हासिल गर्ने दलले प्रायः दोहोरो स्थिति कायम गर्ने रणनीति पनि रोज्छन्, अर्थात् आंशिक रूपमा सरकार भित्र र बाहिर रहन खोज्छन्। यसको दृष्टान्त हुन् लेगा पार्टीका नेता माटेओ साल्भिनी। साल्भिनी मेलोनी सरकारका सबैभन्दा साना साझेदार हुन्। साल्भिनी आफ्नो सरकारलाई अप्ठ्यारोमा पारेर भए पनि आफ्नो छविलाई लोकप्रिय बनाइराख्न कुनै कसर बाँकी राख्दैनन्। र, यस्तो सुविधा गठबन्धनको सानो घटकलाई मात्रै हुन्छ, किनभने प्रधानमन्त्रीमाझ अन्य महत्त्वपूर्ण दबाब आउने गर्छ। यस अर्थमा वाइल्डर्सले साल्भिनीको बाटो पनि रोज्न सक्छन्। जुनसुकै बाटो रोजे पनि वाइल्डर्स यदि सरकारको एक हिस्सा बने भने यो चुनावको नतिजाले निःसन्देह युरोपका बाँकी हिस्सासँग नेदरल्यान्ड्सको सम्बन्धलाई प्रभावित पार्नेछ।

(भ्राइज इटलीको बोकोनी विश्वविद्यालयकी राजनीतिशास्त्रकी प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

तात्कालिक राजनीतिक कार्यनीति : अस्थायी संयुक्त सरकार

संघर्षको स्वरूप, नेतृत्वको भूमिका र गन्तव्यका दृष्टिले अस्थायी संयुक्त सरकार क्रियात्मक र संघीय जनगणतन्त्रको स्थापना प्रचारात्मक बन्ने स्पष्ट छ



● मोहन वैद्य किरण

क्रान्तिको प्रक्रियामा आवश्यकताअनुसार तात्कालिक राजनीतिक कार्यनीतिका रूपमा सरकारको नारा प्रस्तुत गर्नुपर्ने हुन्छ । यसै आवश्यकतालाई आत्मसात् गरी यही १६ देखि २१ असोजसम्म आयोजित हाम्रो पार्टीको केन्द्रीय समितिको दोस्रो बैठकमा तात्कालिक राजनीतिक कार्यनीतिका रूपमा अस्थायी संयुक्त सरकारको नारा निर्धारत गरिएको छ । प्रस्तुत लेखमा यस्तो सरकारको आवश्यकता र औचित्यबारे चर्चा गरिनेछ ।

संविधान जारी गरिएको आठ वर्ष बितिसक्दा पनि राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याको समाधान गर्दै जाने र परिवर्तन तथा मुक्तिका जनचाहना र भावनाको सम्बोधन गर्ने कार्यमा चरम लापरबाही तथा अवज्ञा हुँदै आएको छ । यस स्थितिमा वर्तमान दलाल, नोकरशाही पुँजीपति एवं सामन्त वर्गीय राज्यसत्ता, संसदीय व्यवस्था तथा तिनका संवाहक राजनीतिक दलप्रति जनताको असन्तुष्टि, आक्रोश र वितृष्णा बढ्दै जान थालेको छ । यो कुरा गत संसदीय निर्वाचनमा एकलौटी सरकार बनाउन कुनै पनि दललाई जनादेश प्राप्त हुन नसकेको स्थितिबाटै स्पष्ट हुन्छ ।

केही वर्षयता र गत संघीय निर्वाचनपश्चात् पनि गठबन्धन सरकार बनाउनुपर्ने बाध्यता पैदा हुँदै आएको छ । संसदीय व्यवस्थाको आदर्श मानिँदै आएको सत्तापक्ष र प्रतिपक्षको सम्बन्ध एकातिर अनावश्यक विषयमा लामो समयसम्म संसद् नै अवरुद्ध गर्दै जाने र अर्कातिर सरकार बदल्न निरन्तर छिना-झप्टी भइरहने स्थितिका कारण संसद्वादी राजनीतिक दलबीच भीषण अन्तर्विरोध पैदा हुँदै आएका छन् । केही समययता संसदीय लोकतन्त्रको फासीवादीकरण हुँदै आएको छ । कैयौं महत्त्वपूर्ण विषयको निर्णय प्रक्रियामा आफैंले बनाएको संविधान तथा आफ्नै सांसदको मर्यादा र अधिकार क्षेत्रलाई मिचेर केही खास प्रमुख दलका शीर्ष नेता एकान्तमा बसी स्वेच्छाचारी ढंगले निष्कर्षमा पुग्ने काम हुँदै आएका छन् । यसबाट संसदीय व्यवस्थाको जनप्रतिनिधिमूलकताप्रति गम्भीर प्रश्न उठ्न थालेका छन् । त्यति मात्र होइन, संसदीय लोकतन्त्रको आदर्श मानिँदै आएको शक्ति पृथकीकरणको पारस्परिक नियन्त्रण तथा सन्तुलनमा आधारित मान्यता पनि केही वर्षयता अभिव्यक्त हुँदै आएका सरकारका तीन अंग कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाबीच मुख्यतः एकअर्कालाई निषेध गर्ने प्रवृत्ति तथा तीव्र अन्तर्विरोधका कारण ध्वस्त हुँदै गएको छ । त्यसैगरी निर्वाचनका बेला राजनीतिक दलका नेताहरू जनताबीच गएर विभिन्न वाचा-कबुल गर्छन् । परन्तु सांसद बनिसकेपछि र सरकार निर्माण भइसकेपछि ती वाचा-कबुल त्यसै सेलाएर जान्छन् । त्यो बेला ती सांसद तथा मन्त्रीले जनतासामु ढाँट्नुपर्ने स्थिति आउँछ । सांसद तथा मन्त्रीका भनाइ र गराइ तथा शब्द र कर्ममा गम्भीर विरोधाभास देखिँदै आएका छन् । यो सांस्कृतिक मूल्य विघटन र संकटको अवस्था हो । यसरी हेर्दा आज वर्तमान सत्ता, व्यवस्था र तिनका संवाहक राजनीतिक दल आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा गम्भीर संकटको भुमरीमा उम्कनै नसक्ने गरी फस्दै गएका छन् । यो बेला उक्त संकटबाट पार पाउन विभिन्न संसद्वादी राजनीतिक दल अनेक जुक्ति निकाल्न र विभिन्न रणनीतिक गुरुयोजना तयार पार्न लागेका छन् ।

एमालेबाट आउँदो निर्वाचनमा एकलौटी सरकार बनाउन विजयी हुने ०८४ को मिसन अगाडि सारिएको छ । कांग्रेसका कतिपय युवा नेता आगामी निर्वाचनमा गठबन्धनविनै विजयी बनेर एकलौटी सरकार बनाउने अभिव्यक्ति दिइरहेका छन् । त्यसैगरी माओवादी केन्द्र तथा एकीकृत समाजवादीसहितका पार्टी तथा तिनका नेता भविष्यमा भरपर्दो सरकार बनाउन समाजवादी मोर्चा बनाई अगाडि बढ्ने कसरत गरिरहेका छन् । अनि राप्रपा संवैधानिक राजतन्त्र र हिन्दू धर्मका नारा मच्चाएर गणतन्त्र तथा धर्मनिरपेक्षताविरुद्ध उभिई आगामी निर्वाचनमा आफ्नो स्थिति बलियो बनाउन खोजिरहेको छ । त्यसै क्रममा रैथाने संसद्वादी दलप्रतिको जनअसन्तुष्टि र आक्रोशलाई आधार बनाई गत संसदीय निर्वाचनमा केही सिट जित्न सफल रास्वपा अहिले त्यस्ता दलविरुद्ध वर्तमान सत्ता तथा संसद् होइन, देशको अवस्था फेर्न जरुरी भएको भन्दै ठूलो प्रचारबाजीमा जुटेको छ । ठीक यसैबेला वर्तमान संविधानको संशोधन तथा पुनर्लेखन गरेर संकटको समाधान गर्न सकिन्छ भन्ने आवाज पनि मुखरित हुँदै आएका छन् ।

देशमा चर्कदै आएको आर्थिक, राजनीतिक तथा सांस्कृतिक संकटको समाधान यसरी हुन सक्दैन । पुरानो सत्ता तथा व्यवस्थाअन्तर्गत हुने संसदीय निर्वाचनको निरन्तरताको चक्रव्यूह, गठबन्धन सरकारका सत्ता समीकरणका लगातार पुनरावृत्ति भइरहने पट्यारलाग्दा खेल र सत्तालिप्साको अहंकारले ग्रस्त रैथाने संसद्वादी राजनीतिक दलहरूको अक्षमता अब देश र जनताले धान्न सक्दैनन् । बालकृष्ण समको एउटा कवितामा उल्लेख भएजस्तो 'सहू, सहू, सहू, बाबु सहनै नसके पनि' भनेर अब काम चल्दैन । यथास्थितिवाद र पुनरुत्थानवाद अब नेपाली जनताका लागि सह्य हुन सक्दैनन् । पुरानो संविधानमा टालो हालेर पनि समस्या समाधान हुँदैन । अब देश र जनताका लागि नयाँ तथा अग्रगामी विकल्प अनिवार्य रूपमा आवश्यक भइसकेको छ ।

तसर्थ, हाम्रो पार्टीद्वारा हालै मात्र सम्पन्न केन्द्रीय समिति बैठकमा पारित राजनीतिक प्रतिवेदनमा तत्कालीन राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै भनिएको छ, 'संकटग्रस्त बन्दै गएको वर्तमान दलाल तथा नोकरशाही एवं सामन्त वर्गीय राज्यसत्ता र संसदीय व्यवस्थाको विकल्प तथा अग्रगामी रूपान्तरणका लागि राष्ट्रिय राजनीतिक सम्मेलन, क्रान्तिकारी संयुक्त मोर्चा, अस्थायी संयुक्त सरकार र जनसंविधान निर्माण हाम्रो तत्कालीन राजनीतिक कार्यनीति हुनेछ ।' (माओवादी पूर्णांक १७, २०८० असोज पृष्ठ ७१ ।) यो कार्यनीति विद्यमान समस्याको समाधान र देशलाई अग्रगामी निकास दिन सही तथा वस्तुगत रहेको छ ।

यस प्रकारको कार्यनीतिलाई कसरी कार्यान्वयन गरिन्छ ? यस प्रश्नको जवाफ राजनीतिक प्रतिवेदनमा यसरी दिइएको छ, 'देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थी शक्तिहरूलाई गोलबन्द गरी राष्ट्रिय राजनीतिक सम्मेलन गरिनेछ । सो सम्मेलनद्वारा निर्मित क्रान्तिकारी संयुक्त मोर्चामार्फत गरिने प्रभावकारी जुझारु जनसंघर्ष र प्रतिरोध संघर्षका बीचबाट देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थीहरूको आफ्नै संयुक्त सरकार गठन गरिनेछ ।' यहाँ दुई विषयमा जोड दिइएको छ । पहिलो, देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थीहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गरी क्रान्तिकारी संयुक्त मोर्चा निर्माण गर्ने र दोस्रो, सोही मोर्चामार्फत प्रभावकारी, जुझारु संघर्ष र प्रतिरोध संघर्षका बीचबाट देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थीको अस्थायी संयुक्त सरकार गठन गर्ने । स्पष्ट छ, क्रान्तिलाई अगाडि बढाउन क्रान्तिकारी संयुक्त मोर्चा आवश्यक हुन्छ । त्यस्तो संयुक्त मोर्चा पहिलो चरणमा संघर्षको साधन बन्नेछ र दोस्रो चरणमा त्यो संयुक्त मोर्चाले स्वयं सरकारको रूप लिनेछ ।

यस सरकारका प्रमुख कार्यभारबारे उल्लेख गर्दै राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'यस सरकारले संघर्षका उपलब्धिको रक्षासाहित राष्ट्रियता जनतन्त्र र जनजीविकाका विषयमा आधारित तात्कालिक कार्यक्रमको कार्यान्वयन गर्नेछ र पुरानो संविधान खारेज गरी दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद र साम्राज्यवादविरोधी अन्तरवस्तुमा आधारित जनसंविधान निर्माणका लागि आधार तयार पार्नेछ ।' यहाँ सरकारका दुई प्रमुख कार्यभारबारे उल्लेख गरिएको छ । ती कार्यभार हुन् : पहिलो, संघर्षका उपलब्धिको रक्षासहित तत्कालीन कार्यक्रमको कार्यान्वयन गर्नु र दोस्रो, जनसंविधान निर्माणका लागि आधार तयार पार्नु । यी अत्यन्तै महत्त्वपूर्ण कार्यभार हुन् । त्यति मात्र होइन, दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद र साम्राज्यवादविरोधी अन्तरवस्तुमा आधारित जनसंविधान निर्माणका लागि आधार तयार पार्नु नै यस सरकारको प्रमुख कार्यभार हो ।

यद्यपि सो कार्यभार सम्पन्न गर्न पार्टी नेतृत्व अनिवार्य रूपमा आवश्यक हुन्छ । तर, अहिल्यै हामी त्यो दाबी गर्दैनौं । त्यसलाई प्रतिवेदनमा यसरी उल्लेख गरिएको छ, 'यो समग्र प्रक्रियामा संगठन र संघर्षका गतिविधिमा श्रेष्ठता हासिल गरी नेतृत्व लिनका लागि अथक परिश्रम गर्नुपर्नेछ ।' वस्तुतः क्रान्तिमा नेतृत्व मुखले भनेर मात्र हुन सक्दैन र त्यसका लागि संगठन तथा संघर्षको क्षेत्रमा श्रेष्ठता हासिल गर्न आवश्यक पर्छ । यसमा हामीले विशेष दृष्टि दिएका छौं । क्रान्तिको प्रक्रियामा रणनीति तथा कार्यनीतिबीच घनिष्ट सम्बन्ध हुन्छ र कार्यनीतिले निर्माण हुन पनि उपयुक्त, व्यावहारिक र तर्कसंगत नै देखिन्छ । कुनै पनि संविधान सधैंका लागि स्थिर हुन सक्दैन । संविधानको काम देश र जनताका समस्या समाधान गर्ने हो । समस्या समाधान गर्न नसके त्यसलाई आवश्यकताअनुसार खारेज, पुनर्लेखन वा संशोधन जे गर्न पनि तयार हुनुपर्छ । देश तथा जनताको आवश्यकता र शक्ति सन्तुलनमा हुने परिवर्तनअनुसार विश्व र नेपालको इतिहासमा पनि संविधान बन्दै र बदलिँदै आएका उदाहरण प्रशस्तै छन् । तसर्थ, अहिले जनताको आवश्यकता, चाहना र भावनाअनुसार पुरानो संविधानलाई खारेज गरी जनगणतान्त्रिक संविधान निर्माण गर्नु उपयुक्त देखिन्छ ।

दोस्रो, अहिले क्रान्तिकारीहरूको आत्मगत शक्ति कमजोर छ । नेपाली कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा छ । यस्तो स्थितिमा अस्थायी संयुक्त सरकारको यस प्रकारको कार्यनीति काल्पनिक तथा मनोगत बन्न पुग्छ । परन्तु ध्यान दिनुपर्ने कुरा के छ भने वस्तुगत तथा आत्मगत पक्षबीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ ।



> पुरानो सत्ता तथा व्यवस्थाअन्तर्गत हुने संसदीय निर्वाचनको निरन्तरताको चक्रव्यूह, गठबन्धन सरकारका सत्ता समीकरणका लगातार पुनरावृत्ति भइरहने पट्यारलाग्दा खेल र सत्तालिप्साको अहंकारले ग्रस्त रैथाने संसद्वादी राजनीतिक दलहरूको अक्षमता अब देशले धान्न सक्दैन

> कमजोर आत्मगत शक्ति, कमजोर जनाधार, संयुक्त मोर्चा पनि चाहेजसरी बन्न नसक्ने र संघर्ष पनि प्रभावकारी ढंगले अगाडि नबढ्ने अवस्थामा यस प्रकारको सरकारको नारा क्रियात्मक नभई प्रचारात्मक हुने निश्चित छ

रणनीतिको सेवा गर्नुपर्छ । हाम्रो पार्टीले यस विषयमा विशेष ध्यान दिएको छ । त्यसैले, प्रतिवेदनमा भनिएको छ, 'यस प्रकारको कार्यनीतिले एकातिर आमजनताका तात्कालिक हक, हित तथा अधिकारको प्राप्ति र अर्कातिर संघीय जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादमा जान एउटा साधनको काम गर्नेछ ।' हामीलाई विश्वास छ, यस प्रकारको कार्यनीतिले अवश्यै रणनीतिको सेवा गर्नेछ ।

पार्टीद्वारा निर्धारित यस प्रकारको तात्कालिक राजनीतिक कार्यनीतिबारे विभिन्न कोणबाट अनेक प्रश्न तथा जिज्ञासा पैदा हुन सक्छन् । त्यसबारे छोटो चर्चा गर्न आवश्यक छ । पहिलो, संविधानसभामार्फत संविधान बनिसकेको स्थितिमा फेरि जनसंविधान निर्माणको नीति अगाडि सार्नु कति उपयुक्त, व्यवहारसम्मत र तार्किक हुन सक्छ भन्ने प्रश्न उठ्न सक्छ । यो प्रश्न निश्चय नै महत्त्वपूर्ण पनि छ । यदि त्यस प्रकारको संविधानको संशोधन, परिमार्जन वा पुनर्लेखन हुन सक्छ भने नयाँ जनसंविधान आत्मगत पक्षले वस्तुगत पक्षलाई र वस्तुगत पक्षले आत्मगत पक्षलाई प्रभावित पार्छन् । अहिले जब वस्तुगत परिस्थिति सामाजिक रूपान्तरणका लागि परिपक्व बन्दै गएको छ भने त्यसले पक्कै पनि आत्मगत पक्षलाई परिपक्व बनाउने अपेक्षा राख्छ । द्वन्द्ववादले के भन्छ भने ठूलो, सानो र सानो, ठूलोमा बदलिन्छन्, कमजोर बलियो र बलियो कमजोरमा रूपान्तरित हुन्छन् । यो इतिहासको अकाट्य नियम हो । क्रान्तिकारीहरूले यसै नियम र मान्यतामा आधारित रहेर सानो र कमजोर आत्मगत शक्तिलाई सचेत र योजनाबद्ध पहलकदमीका आधारमा ठूलो र बलियो बनाउन विशेष प्रयत्न गर्नुपर्छ ।

तेस्रो, कार्यनीतिक सरकारसम्बन्धी प्रस्तावमा देशभक्त, क्रान्तिकारी जनवादी शक्ति र वामपन्थीको संयुक्त मोर्चा बनाउने कुरा गरिएको छ । तर, अहिले त्यसरी संयुक्त मोर्चामा आबद्ध हुने राजनीतिक पार्टी नै अस्तित्वमा देखा पर्दैनन् । अनि कसरी संयुक्त मोर्चा बन्न सक्छ ? यो पनि एउटा महत्त्वपूर्ण प्रश्न हो । महान् जनयुद्धको प्रक्रियामा कुनै राजनीतिक दलसित हाम्रो घोषित संयुक्त मोर्चा बन्न सकेको होइन । तर, जनयुद्धका बेला श्रमजीवी वर्ग, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी मुस्लिम, पिछडिएका क्षेत्रका विशाल जनसमुदायले हामीलाई साथ दिएको थियो र सारमा त्यो जनवर्गीय शक्तिको अभेद्य संयुक्त मोर्चा बन्न गयो । भविष्यमा पनि यस्तो संयुक्त मोर्चा बन्न सक्छ । साथै, हामीले अहिले अस्तित्वमा रहेका राजनीतिक दलसित पनि त्यस प्रकारको घोषित वा अघोषित संयुक्त मोर्चा बनाउन सक्छौं । यस प्रकारको संयुक्त मोर्चा पहिलो चरणमा सानो तथा कमजोर रहे पनि संघर्षको विकासको प्रक्रियामा सशक्त बन्दै जान सक्छ र बनाउनुपर्छ ।

चौथो, संघर्षको मुख्य रूप शान्तिपूर्ण वा सशस्त्र के हो ? त्यसबारे प्रस्तावमा कुनै स्पष्टता छैन भन्ने पनि प्रश्न बन्न सक्छ । प्रस्तावमा किटान गरेर नभने पनि दुवै प्रकारका संघर्षका लागि हामीले ठाउँ राखेका छौं । निश्चित रूपमा हामी शान्तिपूर्ण संघर्षका बीचबाट अगाडि बढ्छौं । जब जनसंघर्ष विकसित हुँदै जान्छ, त्यो बेला सरकारले विषयलाई कसरी लिन्छ, त्यसरी नै हामी पनि अगाडि बढ्ने कुरा आउँछ । हो, अन्तिम बिन्दुमा सशस्त्र संघर्षविना क्रान्तिले पूर्णता प्राप्त गर्न सक्दैन । यसमा हामी स्पष्ट छौं, तर अहिल्यै संघर्षको एउटा रूपमा हात बाँध्ने पक्षमा हामी छैनौं र हुनु पनि हुँदैन ।

पाँचौं, त्यसरी नै एउटा अर्को तर्क वा जिज्ञासा पनि आउन सक्छ । जस्तो कि, आत्मगत शक्ति कमजोर, कमजोर जनाधार, संयुक्त मोर्चा पनि चाहेजसरी बन्न नसक्ने र संघर्ष पनि प्रभावकारी ढंगले अगाडि नबढ्ने अवस्थामा यस प्रकारको सरकारको नारा क्रियात्मक नभई प्रचारात्मक हुने निश्चित छ । त्यस स्थितिमा एकातिर यस प्रकारको अस्थायी संयुक्त सरकार र अर्कातिर संघीय जनगणतन्त्र स्थापना- यी दुवै प्रचारात्मक र त्यसैले समानान्तर हुन पुग्छन् । यो एउटा सशक्त तर्क वा जिज्ञासा हो । तर, संघर्षको स्वरूप, नेतृत्वको भूमिका र गन्तव्यका दृष्टिले सूक्ष्म रूपमा अध्ययन गर्दा अस्थायी संयुक्त सरकार र संघीय जनगणतन्त्र स्थापनाबीच अवश्य भिन्नता छ । त्यसैले अस्थायी संयुक्त सरकार क्रियात्मक र संघीय जनगणतन्त्रको स्थापना प्रचारात्मक बन्ने स्पष्ट छ ।

छैटौं, कसैले के पनि प्रश्न गर्न सक्छन् भने अस्थायी संयुक्त सरकारको नारा एकैसाथ उग्रपन्थी र सुधारवादी देखापर्छ । उग्रवादी यस अर्थमा कि यो नारा मनोगत छ र यस्तो सरकार क्रियात्मक रूपमा तुरुन्तै कार्यान्वयनमा जान सक्दैन । सुधारवादी यस अर्थमा कि यसले विभिन्न अवसरवादी तथा प्रतिक्रियावादी शक्तिसित मिलेर सरकारमा जाने र आन्दोलनलाई तुहाउने काम गर्न सक्छ । वस्तुतः त्यस्तो हुन नदिन मूल नेतृत्व र सिंगो पार्टीपंक्ति सदैव सचेत र सतर्क रहनुपर्छ । किनभने, कुनै पनि प्रकारको कार्यनीति उग्रपन्थी, दक्षिणपन्थी र क्रान्तिकारी तीनवटै सम्भावनामा उभिएको हुन्छ । कार्यनीतिको लचकता भनेकै यही हो र यदि यस्तो हुँदैन भने त्यो कार्यनीति पनि हुँदैन । तर, त्यस प्रकारको कार्यनीतिलाई कसरी साँच्चैको क्रान्तिकारी बनाउने ? यो काम क्रान्तिकारी नेतृत्वको हातमा हुन्छ । जनयुद्धकालमा अवलम्बन गरिएको संविधानसभाको कार्यनीतिमा यस प्रकारका तीनवटै पक्ष थिए र नेतृत्वले त्यसलाई सुधारवादी दिशा प्रदान गऱ्यो । लेनिनले सन् १९०३ मा दिएको संविधानसभाको नारा पनि त्यस्तै प्रकृतिको थियो, तर त्यसलाई उहाँले क्रान्तिकारी दिशा प्रदान गर्नुभयो र क्रान्तिमा संविधानसभा बाधक बनेपछि त्यसलाई खारेज गरियो । वस्तुतः क्रान्तिकारीले कार्यनीतिक लचकता र रणनीतिक दृढताको मान्यता अवलम्बन गर्नुपर्छ । यसरी नै कार्यनीतिले रणनीतिको सेवा गर्छ ।

क्रान्तिको प्रक्रियामा कार्यनीतिका रूपमा सरकारको नारा प्रस्तुत गर्नु केही जटिल र खतरायुक्त अवश्यै हुने गर्छ । तैपनि, क्रान्तिकारी कम्युनिस्टहरूले परिस्थितिको सही अध्ययन गरी क्रान्तिको आवश्यकताअनुसार त्यस प्रकारको कार्यनीति अवलम्बन गर्ने साहस गर्नैपर्ने हुन्छ । यो काम नेतृत्वको दृढ इच्छाशक्ति र क्रान्तिको कलासित सम्बन्धित छ ।

(किरण क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव हुन्)

इतिहासमा आज



सन् २००८ : आजकै दिन मुम्बईमा अतिवादी हमला भएको थियो । पाकिस्तानस्थित अतिवादी समूह लस्कर ए तोइबाका लडाकुले मुम्बईका विभिन्न स्थानमा शृंखलाबद्ध हमला गरेका थिए । तीन दिनसम्म भएका ती हमलामा नौ आक्रमणकारीसहित १७४ जनाको मृत्यु भयो ।

सन् १९६५ : सन् १९६५ मा फ्रान्सले पृथ्वीको अक्षमा एउटा कृत्रिम स्याटेलाइट एस्टेरिक्स पठाएको थियो । अमेरिका, रुस, बेलायत, क्यानडा र इटलीपछि पृथ्वीको अक्षमा कृत्रिम स्याटेलाइट पठाउने फ्रान्स छैटौं देश बनेको थियो । फ्रान्सेली लेखक रेने गोस्सिनीको हास्यपात्रको नाममा स्याटेलाइट राखिएको थियो ।

सन् १९६६ : विश्वकै पहिलो छाल स्टेसन सन् १९६६ मा फ्रान्समा खुलेको थियो । स्टेसनको उद्घाटन २६ अक्टोबरमा तत्कालीन राष्ट्रपति चार्ल्स डी गाउलीले गरेका थिए । यो अहिले पनि विश्वकै सबैभन्दा ठूलो छाल स्टेसन हो ।

सन् १९८३ : बेलायतको एउटा भण्डार गृहमा रहस्यमय ढंगले चोरी भयो । यस चोरीकाण्डको अहिलेसम्म पनि केही तथ्य बाहिर आउन सकेको छैन् । २६ नोभेम्बरमा हिथ्रो विमानस्थलको ब्रिंक म्याट भण्डार गृहबाट दुई करोड ६० लाख युरो मूल्यबराबरको सुन, चाँदी र केही नगद रकम चोरी भएको थियो । चोरीको यो घटना इतिहासमा अहिले पनि रहस्यमय छ ।

विश्व संक्षेप

हमासले बन्धक बनाएका २४ जना मुक्त

गाजा सिटी / प्यालेस्टाइन लडाकु समूह हमासले गत अक्टोबर ७ को अतिवादी हमलामा बन्धक बनाएकामध्ये २४ जना रिहा गरेको छ । इजरायलसँगको युद्धविरामको पहिलो दिन हमासले उनीहरूलाई रिहा गरेको हो । बन्धक बनाएकामध्ये ११ जना विदेशी नागरिक रहेका छन् । अमेरिका र कतारको मध्यस्थतामा भएको सम्झौताअनुसार उद्धार गरिएका २४ जना बन्धकहरूको सट्टामा इजरायलले ३९ प्यालेस्टिनी बन्दीलाई मुक्त गरेको थियो ।

'इजरायली सरकारले घर फर्केका हाम्रा नागरिकलाई स्वागत गर्छ । इजरायली सरकार सबै अपहरण र बेपत्ता व्यक्तिलाई फिर्ता गर्न प्रतिबद्ध छ,' प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । 'हाम्रा नागरिकले प्रारम्भिक चिकित्सा परीक्षण गराएका थिए र उनीहरूका परिवारलाई हाम्रा अधिकारीले उनीहरू फर्केको जानकारी गराएका छन्,' इजरायली सरकारले जनाएको छ । इजरायली प्रधानमन्त्री कार्यालयले स्वदेश फर्किएका १३ नागरिकको विवरण पनि सार्वजनिक गरेको छ ।

नेशनल डेन्टल हस्पिटल लिमिटेडको
हकप्रद शेयर जारी गर्ने सूचना
(प्रकाशित मितिः २०८०/०८/१० गते)

यस नेशनल डेन्टल हस्पिटल लि. को मिति २०८०/०६/१३ गते सम्पन्न भएको साधारण सभाले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरिद गर्न पाउने गरि यस कम्पनीको जम्मा २,९०,४०० थान शेयरको १०० प्रतिशतको अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरे बमोजिम, मिति २०८०/०६/२९ गते बसेको सञ्चालक समिति बैठकले शेयर बिक्री गर्ने सूचना जारी गर्ने निर्णय गरेकोले यस कम्पनीका शेयर धनीज्यूहरुले मिति २०८०/०८/०८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको मिति देखि १५ दिन (अन्तिम मिति २०८०/०८/२२) गते सम्ममा प्रति शेयर रु. १००/-(एक सय) का दरले हुन आउने रकम यस कम्पनीको एभरेष्ट बैंक, लाजिम्पाट शाखाको खाता नं. ०१४००१०५०००००९७ मा शेयर वापतको रकम जम्मा गर्नु हुन यसै सूचना बाट जानकारी गराइन्छ । अन्यथा उल्लेखित समयमा शेयर वापतको रकम जम्मा नगर्ने शेयरधनीहरुको हकमा कानुन बमोजिम भैजाने व्यहोरा समेत यसै सूचना बाट जनकारी गराइन्छ ।

कम्पनी सचिव

नेशनल डेन्टल हस्पिटल लिमिटेड
पानीपोखरी, काठमाडौं, नेपाल
फोन नं. ९७७-४००२७१४, ४००२७१५, ४००२७१६

गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको
दशौं वार्षिक साधारणसभा सम्बन्धी सूचना
(दोस्रो पटक प्रकाशित मिति : २०८०/०८/१०)

आदरणीय शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८०/०८/०८ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको दशौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान :
मिति : २०८०/०८/३० गते शनिवार (तद्नुसार डिसेम्बर - १६ ,२०२३)
समय : बिहान १०:०० बजे
स्थान : **Saanvi Hotel and Sports Club**, बौद्ध काठमाण्डौं ।

(ख) वार्षिक साधारण सभाको लागि छलफलको विषयहरु :
सामान्य प्रस्ताव :
१. आ.व. २०७९/०८० को संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने बारे ।
२. आ.व. २०७९/०८० को लेखा परीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण माथी छलफल गरी पारित गर्ने बारे ।
३. लेखापरीक्षक नियुक्ति गर्ने बारे ।
४. विविध ।

विशेष प्रस्ताव :
१. हाईब्रिड प्लान्ट बनाउने बारे ।
२. कम्पनीको पूँजीवृद्धि सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिए बमोजिम संशोधन गर्ने सम्बन्धमा ।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धि पारित प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. विविध ।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय करैयामाई, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना
(प्रकाशित मिति २०८०/०८/१० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय करैयामाई, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:
भगवान सा जैसवालको नाति, राजेन्द्र प्रसाद जैसवालको छोरा, बारा जिल्ला, गंजभवानीपुर गा.पा./न.पा वडा नं ०३, स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया न.पा. वडा नं ०४ बस्ने **श्याम बाबु जैसवाल**(ना.प्र.प.नं १२२५/२१९२/२०४५, जारी मिति २०५६/०३/२९, जिल्ला प्रशासन कार्यालय, बारा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :
१. भरत साहको नाति, भगवान सा जैसवालको छोरा, बारा जिल्ला, गंजभवानीपुर गा.पा./न.पा वडा नं ०३, बस्ने **राजेन्द्र प्रसाद जैसवाल** (ना.प्र.प.नं ५४८/०९०३, जारी मिति २०३४/०४/०७, जिल्ला प्रशासन कार्यालय, बारा) ।
२. राजेन्द्र प्रसाद जैसवालको बुहारी, श्याम बाबु जैसवालको पत्नी, मोतिलाल प्रसादको छोरी, बारा जिल्ला, गंजभवानीपुर गा.पा./न.पा वडा नं ०३, स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया म.न.पा. वडा नं ०४ बस्ने **आशा जैसवाल** (ना.प्र.प.नं ३३-०१-७१-०४५९७, जारी मिति २०७१/०८/२५, जिल्ला प्रशासन कार्यालय, बारा)

धितो सुरक्षणको विवरण :
१. **श्याम बाबु जैसवाल**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा.वडा नं ०४ स्थित कि.न ५४१ को क्षेत्रफल ०-०-१०-० (विगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय करैयामाई, बारा फोन नं. ९८४५७८९७७०

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १० मंसिर ०८०

पौने चार खर्बको सेयर लगानीबाट सरकारलाई सवा २७ अर्ब लाभांश प्राप्त

सरकारको सेयर लगानी रहेका एक सय १८ संस्थामध्ये १५ वटाले मात्रै लाभांश दिए

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले विभिन्न संस्थान, निकाय तथा कम्पनीमा गरेको सेयर लगानीबाट सवा २७ अर्ब लाभांश प्राप्त गरेको छ। गत आर्थिक वर्ष ०७९/८० मा सरकारले सेयर लगानी गरेका संस्थाबाट २७ अर्ब ३८ करोड रुपैयाँ नगद लाभांश प्राप्त गरेको हो।

हालसम्म सरकारले एक सय १८ संस्थामा तीन खर्ब ८६ अर्ब रुपैयाँ सेयर लगानी गरेको छ। सेयर लगानी भएका संस्थामध्ये १५ वटाले लाभांश दिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनमा उल्लेख छ। सरकारले गरेको कुल सेयर लगानीको अनुपातमा ७.१ प्रतिशत लाभांश प्राप्त गरेको देखिन्छ। प्राप्त लाभांश सन्तोषप्रद भएको कार्यालयका निमित्त प्रमुख डिलाराम गिरीले बताए। 'थुप्रै संस्थान बन्द अवस्थामा छन्, चलेका पनि कतिपय घाटामा छन्, यस्तो अवस्थामा धेरै लाभांश आउने कुरै भएन,' उनले भने, 'तर, सार्वजनिक संस्थानमा आएको सुधार र सरकारले ताकेता गरेका कारण लाभांशमा केही सुधार आएको हो, अझ सुधार आवश्यक छ।' विद्युत् प्राधिकरण, नागरिक उड्डयन प्राधिकरणजस्ता पूर्वाधारमा लगानी गर्ने निकायबाट तत्कालभन्दा पनि दीर्घकालमा अझ बढी लाभांश आउने सम्भावना हुने उनले बताए।

गत आवमा सरकारलाई सबैभन्दा बढी नगद लाभांश नेपाल राष्ट्र बैंकले दिएको छ। राष्ट्र बैंकबाट ११ अर्ब सात करोड लाभांश प्राप्त भएको छ। सबैभन्दा कम साझा सेवाबाट चार हजार दुई सय रुपैयाँ प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, नेपाल टेलिकमबाट ६ अर्ब ५८ करोड, नेपाल दूरसञ्चार प्राधिकरणबाट पाँच अर्ब ५१ करोड, कृषि विकास बैंकबाट एक अर्ब ६ करोड र राष्ट्रिय वाणिज्य बैंकबाट एक अर्ब चार करोड नगद लाभांश प्राप्त भएको हो।



■ संस्थानमा सुधार आए अझ लाभांश बढ्छ

डिलाराम गिरी, निमित्त कार्यालय प्रमुख



गत आवमा पछिल्ला तीन आर्थिक वर्षयताकै धेरै लाभांश प्राप्त भएको छ। यसलाई सन्तोषप्रद लाभांश मान्नुपर्छ। तर, संस्थान तथा निकायहरूमा सुधार भएमा लाभांश अझ बढ्न सक्छ। थुप्रै संस्थान बन्द अवस्थामा छन्, चलेका पनि कतिपय घाटामा छन्, यस्तो अवस्थामा धेरै लाभांश आउने कुरै भएन। तर, सार्वजनिक संस्थानमा आएको सुधार र सरकारले ताकेता गरेका कारण लाभांशमा केही सुधार आएको हो, अझ सुधार आवश्यक छ। विद्युत् प्राधिकरण, नागरिक उड्डयन प्राधिकरणजस्ता पूर्वाधारमा लगानी गर्ने निकायबाट तत्कालमा भन्दा पनि दीर्घकालमा अझ बढी लाभांश आउने सम्भावना हुन्छ।

कुन संस्थानले कति लाभांश दिए ?

संस्थान-कम्पनी	लाभांश रकम
नेपाल राष्ट्र बैंक	११ अर्ब ७ करोड
नेपाल टेलिकम	६ अर्ब ५८ करोड ७७ लाख
नेपाल दूरसञ्चार प्राधिकरण	५ अर्ब ५१ करोड ८६ लाख
कृषि विकास बैंक	१ अर्ब ६ करोड ५८ लाख
राष्ट्रिय वाणिज्य बैंक	१ अर्ब ४ करोड ५२ लाख
नेपाल बैंक लिमिटेड	७३ करोड ४७ लाख
नेपाल स्टक एक्सचेन्ज लिमिटेड	५८ करोड ६६ लाख
नेपाल नागरिक उड्डयन प्राधिकरण	५८ करोड ४४ लाख
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड	८ करोड ६४ लाख
हाइड्रो इलेक्ट्रोसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी	३ करोड १२ लाख
राष्ट्रिय सहकारी बैंक लिमिटेड	२ करोड ७ लाख
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड	१ करोड ८९ लाख
बुटवल पावर कम्पनी लिमिटेड	१ करोड ८० लाख
नागरिक लगानी कोष	१ करोड २० लाख
साझा सेवा	४ हजार दुई सय
जम्मा	२७ अर्ब ३८ करोड ६ लाख

■ धेरै लगानी प्राधिकरणमा

सरकारले गत आवसम्ममा सबैभन्दा बढी नेपाल विद्युत् प्राधिकरणमा एक खर्ब ७४ अर्ब ७७ करोड रुपैयाँबराबरको सेयर लगानी गरेको छ। त्यस्तै, नागरिक उड्डयन प्राधिकरणमा ६२ अर्ब ७४ करोड र नेपाल टेलिकममा १६ अर्ब ४६ करोडबराबरको सेयर लगानी गरेको छ। सरकारी बैंकहरूमा राष्ट्रिय वाणिज्य बैंकमा १५ अर्ब ४६ करोड, कृषि विकास बैंकमा १३ अर्ब २९ करोड र नेपाल बैंकमा पाँच अर्ब ७५ करोड रुपैयाँबराबरको सेयर लगानी रहेको छ। त्यस्तै. हाइडो इलेक्टिसिटी इन्भेस्टमेन्ट एन्ड

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

डेभलपमेन्ट कम्पनी (एचआइडिसिएल)मा १२ अर्ब ४७ करोड, निक्षेप तथा कर्जा सुरक्षण कोषमा नौ अर्ब, अन्तर्राष्ट्रिय मुद्राकोषमा ६ अर्ब ५८ करोड र नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडमा चार अर्ब ९४ करोड रुपैयाँबराबरको सेयर रहेको छ।

■ हालसम्मकै धेरै लाभांश

पछिल्ला दुई आर्थिक वर्षमा सरकारले सेयर लगानीबाट प्राप्त हुने नगद लभांश घट्दै आएको थियो। आव ०७६/७७ मा सरकारले २३ अर्ब ६४ करोड लाभांश प्राप्त गरेको थियो। त्यसपछिका दुई आर्थिक वर्षमा सरकारले प्राप्त गर्ने लाभांश घट्यो। सरकारले आव ०७७/७८ मा १२ अर्ब ७५ करोड र आव ०७८/७९ मा चार अर्ब २४ करोड रुपैयाँ मात्रै लाभांश प्राप्त गरेको थियो। गत आवमा भने सरकारले हालसम्मकै सबैभन्दा बढी नगद लाभांश प्राप्त गरेको हो। सञ्चालनमा रहेका केही संस्थानमा देखिएको सुधार र सरकारी निकायले आम्दानी बढाएपछि सरकारले प्राप्त गर्ने लाभांश पनि बढेको हो।

निजी क्षेत्रलाई सहजीकरण गर्न तयार : उद्योगमन्त्री



काठमाडौं/ उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले मुलुकको आर्थिक समृद्धिका लागि निजी क्षेत्रसँग सहजीकरण गरी सरकार अघि बढ्न तयार रहेको बताएका छन्। नवौं राष्ट्रिय उद्योग दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री रिजालले सबै मिलेर मुलुकको समृद्धिका लागि काम गर्नुको विकल्प नरहेको बताए। 'प्रधानमन्त्रीज्यू नै आर्थिक सबलीकरणका लागि प्रयासरत हुनुहुन्छ,' उनले भने, 'त्यसैले हामी सबै मिलेर अघि बढौं।'

मन्त्री रिजालले निर्यात व्यवसाय प्रवर्द्धनका लागि सरकारले बजार खोज्ने काम गरिदिने भन्दै उत्पादन वृद्धि गर्न आग्रह गरेका थिए। बजेट निर्माणका वेला मात्रै उद्योगी-व्यवसायीले बढी ताकेता गर्ने भन्दै अन्य वेला पनि सरकारसँग आफ्ना कुराहरू निर्धक्क राखेर आर्थिक गतिविधि चलायमान बनाउन सहयोग गर्नुपर्ने उनले बताए। उनले स्वदेशी उद्योगीको संरक्षण गर्दै विदेशी लगानीकर्तालाई स्वागत गर्ने सरकारको नीति रहेको पनि बताएका थिए।

कार्यक्रममा निजी क्षेत्रको तर्फबाट धारणा राख्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले देशको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१.५५ प्रतिशत रहेको भन्दै औद्योगिक विकास र आर्थिक पुनरुत्थानको विषय निजी क्षेत्रसँग प्रत्यक्ष जोडिएको बताए। उनले अहिलेको अर्थतन्त्र संवेदनशील मोडमा चलिरहेकाले स्वदेशी उत्पादनको विकास र प्रवर्द्धनमा सबै पक्ष जुट्नुपर्ने बताएका थिए।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले औद्योगिक नीति, ०६७ धेरै पुरानो भएकाले संशोधन गरी वर्तमान समयअनुकूल बनाउन सुझाव दिएका थिए। उनले स्वदेशी उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्न सरकारीस्तरबाटै ठोस पहलको आवश्यकता रहेका पनि औंल्याए। 'हाम्रो नीति र व्यवहार उद्योगमैत्री हुनु आवश्यक छ। कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउनुपर्छ,' अध्यक्ष अग्रवालले भने।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०८/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसीलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसीलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्रि गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

जिरीखिम्ती शाखा, तेह्रथुम

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
मन्जु दर्जी ना.प्र.नं. ०८३०२५/३१५, जारी मिति २०६३/११/१४, जि.प्र.का. तेह्रथुम बाबुको नाम : केदार खड्का पतिको नाम : श्याम बहादुर दर्जी ससुराको नाम : रन बहादुर दर्जी स्थायी ठेगाना : ओयाक्जुङ - ५, तेह्रथुम **कर्जा शिर्षक : घर कर्जा**	**श्याम बहादुर दर्जी** ना.प्र.नं. २५५१५/१२२, जारी मिति २०५२/०७/०५ जि.प्र.का. तेह्रथुम बाबुको नाम : रन बहादुर दर्जी बाजेको नाम : भगीरथ दर्जी स्थायी ठेगाना : ओयाक्जुङ - ५, तेह्रथुम	**रचना लावर** ना.प्र.नं. ०८-०१-७५-००२७० जारी मिति २०७५/०२/२५, जि.प्र.का. तेह्रथुम बाबुको नाम : श्याम बहादुर दर्जी बाजेको नाम : रन बहादुर दर्जी स्थायी ठेगाना : मेन्छयायेम - ५, तेह्रथुम

गौर शाखा, रौतहट

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा उद्योग दर्ता नं. ९१६७/१४६७/१०४/३७ अन्तर्गत मिति २०७७/१२/२६ मा दर्ता कायम भएको आर.वि.एस ईट्टा उद्योग
फर्म दर्ता ठेगाना : जेठरहिया - ३ (हाल यमुनामाई गा.पा. - १) रौतहट
स्थायी लेखा नं. ३०४८५३३८२, मिति २०६८/०६/२६
प्रोप्राइटर : राम प्रसाद साह
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

२. राम प्रसाद साह
ना.प्र.नं. ७८३, जारी मिति २०५८/०५/१३, जि.प्र.का. रौतहट
बाबुको नाम : राम ललित साह तेली
बाजेको नाम : मगनी साह तेली
स्थायी ठेगाना : राजपुर तुल्सी - २, रौतहट
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

राम प्रसाद साह	श्रीपती देवी	बबिता कुमारी साह
ना.प्र.नं. ७८३, जारी मिति २०५८/०५/१३ जि.प्र.का. रौतहट बाबुको नाम : राम ललित साह तेली बाजेको नाम : मगनी साह तेली स्थायी ठेगाना : राजपुर तुल्सी - २, रौतहट	ना.प्र.नं. ७६३३०१३४, जारी मिति २०३८/१०/१४ जि.प्र.का. रौतहट पतिको नाम : राम ललित साह तेली ससुराको नाम : मगनी साह तेली स्थायी ठेगाना : राजपुर तुल्सी - २, रौतहट	ना.प्र.नं. ३२-०१-७१-०४४८३, जारी मिति २०७१/०७/२७, जि.प्र.का. रौतहट पतिको नाम : राम प्रसाद साह ससुराको नाम : राम ललित साह तेली स्थायी ठेगाना : राजपुर तुल्सी - २, रौतहट **(ऋणी राम प्रसाद साहका लागि मात्र जमानत रहेको)**

मिचैया शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
रोहित कुमार साहु ना.प्र.नं. ९२८६३०६४, जारी मिति २०५५/०२/२२, जि.प्र.का. धनुषा बाबुको नाम : वैजनाथ साहु कलवार बाजेको नाम : सिंहासन कलवार साह स्थायी ठेगाना : वरमझीया - ८, धनुषा हालको ठेगाना : गनेशमान चारनाथ न.पा. - ६, धनुषा **कर्जा शिर्षक : आवधिक कर्जा**	**रेणु कुमारी साह** ना.प्र.नं. १७३०४५/११७३, जारी मिति २०३४/०१/०४, जि.प्र.का. धनुषा बाबुको नाम : वैजनाथ साह पतिको नाम : रोहित कुमार साहु ससुराको नाम : वैजनाथ साहु कलवार स्थायी ठेगाना : त. गोदार - ४, धनुषा हालको ठेगाना : गनेशमान चारनाथ न.पा. - ६, धनुषा

बर्दिवास शाखा, महोत्तरी

संयूक्त ऋणीको विवरण

बाल कुमारी भण्डारी ना.प्र.नं. १०१/२७६३, जारी मिति २०४४/१०/२१, जि.प्र.का. सिन्धुली बाबुको नाम : कृष्ण प्रसाद भण्डारी पतिको नाम : कमल नयन भट्टराई ससुराको नाम : पं. पद्मनाभाचार्य स्थायी ठेगाना : दुधौली - ११, सिन्धुली **कर्जा शिर्षक : आवधिक कर्जा**	**कमल नयन भट्टराई** ना.प्र.नं. २६३५०३९०, जारी मिति २०३५/०३/२२ जि.प्र.का. धनुषा बाबुको नाम : पं. पद्मनाभाचार्य बाजेको नाम : शङ्खर शरण भट्टराई स्थायी ठेगाना : धनुषाधाम - ८, धनुषा **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

